

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १३ ★ ने. सं. ११४६ शिल्ला गा, चतुर्थी ★ बिहीबार ★ २२ माघ, २०८२ ★ February 5, 2026, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


# भेनेजुयलाका राष्ट्रपति मादुरोको रिहाइ माग गर्दै विश्वव्यापी विरोध प्रदर्शन




काराकस, २१ माघ (टेलिसुर) । विभिन्न देशका राजनीतिक पार्टीहरू, सामाजिक आन्दोलनहरू तथा मानव अधिकारवादी सङ्गठनहरूको आयोजनामा 'तिनीहरूलाई फिर्ता ल्याऔँ' अभियानको क्रममा विश्वका ६० भन्दा बढी देशमा अपहरित भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसको रिहाइको माग गर्दै प्रदर्शन गरेका छन् ।

मादुरो दम्पतीलाई जनवरी ३ का दिन घातक अमेरिकी हमलासहितको विशेष सैनिक कारबाही गरी अपहरण गरी संरा अमेरिका लगिएको थियो । उक्त अमेरिकी हमलाको क्रममा कम्तीमा सय जना भेनेजुयालीहरूको हत्या भएको थियो ।

संरा अमेरिकाको न्युयोर्क सहरस्थित महानगरीय बन्दीगृह अगाडिलगायत विभिन्न सहरमा भेनेजुयलामा हस्तक्षेप बन्द गर भन्ने नाराका साथ हजारौँ हजार अमेरिकीहरूले प्रदर्शन गरेका थिए ।

सोही आह्वानअनुसार युरोपेली सङ्घको राजधानी तथा बेल्जियमको राजधानी ब्रसेल्समा भेनेजुयलाको झन्डासहित विरोध प्रदर्शन भएको थियो । सो क्रममा द नेदरल्यान्डको एम्सटरडम, स्पेनको राजधानी म्याड्रिडलगायत टेनरिफ, लास पाल्मास, भिगोलगायत सहर, अस्ट्रियाको भियना, रुसको मास्को, बेलारुसको मिन्स्क र टर्कीको अङ्कारा सहरमा विरोध प्रदर्शन गरिएका छन् ।

त्यस्तै कोलम्बियाको राजधानी बोगाटास्थित अमेरिकी राजदूतावासअगाडि तथा मेडेलिन, कालि, बारान्किला, कुकुटा र कार्टाजेना सहरहरूमा विशाल जनप्रदर्शनहरू भएका थिए ।

स्थानीय समयअनुसार मङ्गलबारै ब्राजिलको राजधानी ब्रासिलियास्थित अमेरिकी राजदूतावासअगाडि तथा ब्राजिलका सबै मुख्य-मुख्य सहरमा जनप्रदर्शन भएका छन् ।

ब्राजिलको भूमिहीन ग्रामीण मजदुर सङ्घको आयोजनामा अमेरिकी राजदूतावासमा धर्ना दिइएको थियो ।

मेक्सिकोका साम्राज्यवादविरोधी सङ्गठन तथा सामाजिक आन्दोलनहरूको आयोजनामा मेक्सिको सिटीस्थित अमेरिकी राजदूतावास सामुन्ने विरोध प्रदर्शन भएको हो ।

सोही अभियानअन्तर्गत क्युवाको राजधानी हवाना, भेनेजुयलाको राजधानी काराकस, निकारागुआको राजधानी मानागुआ, एलसाल्भाडोरको राजधानी सान साल्भाडोरमा पनि अमेरिकी कूटनीतिक नियोग अगाडि विरोध प्रदर्शन भएका छन् ।

अफ्रिकी देशहरू दक्षिण अफ्रिका, युगान्डा, अङ्गोला, केन्या, घाना, कङ्गो, आइभोरी कोस्ट, मोरक्को, सेनेगललगायत देशमा मादुरो दम्पतीको रिहाइ तथा भेनेजुयलामाथि हस्तक्षेप बन्द गर्न माग गर्दै विरोध प्रदर्शन भएका छन् ।

एसिया महादेशमा लेबनानको बेरुत, साउदी अरेवियाको रियाद, दक्षिण कोरियाको राजधानी सोल,

***बाँकी पृष्ठ ८ मा***

# नेमकिपाको समाजवादको प्रचार नयाँ विचार हो

भक्तपुर, २१ माघ । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रेम सुवालले चाँगुनारायण नगरपालिका वडा नं ६, नगरकोट बेसी टोलका स्थानीय जनतासँग भेटघाट गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "शासकहरूका पार्टी र नेता फरक भए पनि उनीहरूको आर्थिक र वैदेशिक मामिला फरक छैन । साम्राज्यवाद र विस्तारवादको विरोध र तत्काललाई वैज्ञानिक समाजवादको प्रचार गरी देश र जनताको निःस्वार्थ सेवा गर्ने नेमकिपाको नीति नै नयाँ हो ।"

"उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने, योग्यताअनुसारको काम र कामअनुसार पारिश्रामिकको व्यवस्था हुने, शिक्षा-स्वास्थ्य निःशुल्क हुने र युवालाई स्वदेशमै रोजगारीको बन्दोबस्त हुने व्यवस्था समाजवाद हो ।" उहाँले भन्नुभयो ।

पैसा, सामान, भोजभतेरमा मत किन्ने शासक दल र तिनका उम्मेदवार जनविरोधी हुने उल्लेख गर्दै उहाँले नेमकिपाले चुनावलाई बृहत् राजनीतिक कक्षाको रूपमा अघि बढाउँछ र प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दछ भन्नुभयो ।

नेमकिपा चाँगुका अध्यक्ष न्हुछेभक्त फोजू, वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्लेलगायतको टोलीले स्थानीय कार्यकर्ता शंखबहादुर थिङको कान्छो छोरा थिङ्कु थिङको असामयिक निधनमा समवेदना प्रकट गऱ्यो ।

# प्रजातान्त्रिक आन्दोलन र राजनीतिक सङ्घर्षमा नेमकिपाको बेजोड भूमिका

भक्तपुर, २१ माघ । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरपालिका वडा नं ३ एकाइ समितिको आयोजनामा मङ्गलबार कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपा भक्तपुर जिल्ला अध्यक्ष सुरेन्द्रराज गोसाईले देश र जनताको इमानदारीपूर्वक सेवा गरेकै कारण कामदार जनताको मन जित्न नेमकिपा सफल भएको बताउनुभयो ।

नेमकिपाले देशका महत्त्वपूर्ण प्रजातान्त्रिक आन्दोलन र राजनीतिक सङ्घर्षमा बेजोड भूमिका निर्वाह गर्दै आइरहेको उल्लेख गर्दै उहाँले पद र पैसा कहिल्यै प्राथमिकतामा नपरेको प्रस्ट पार्नुभयो ।

क्रान्तिकारी संसद्वादको नीतिबमोजिम नेमकिपाले पुँजीवादी संसद्मा गएर शासक दलहरूसँग सङ्घर्ष चालू राख्दै आइरहेको उहाले बताउनुभयो ।

भेलामा पार्टी नगर प्रतिनिधि पुरुषोत्तम तमखू, स्थानीय कार्यकर्ताहरू रामसुन्दर खाताख्व, रामकृष्ण त्वायना, राजु अवालले बोल्नुभएको थियो ।

सोही भेलाले रामसुन्दर खाताख्वको अध्यक्षतामा वडा निर्वाचन परिचालन समिति गठन गऱ्यो ।


**सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।**

सार्वजनिक निकायले,

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोबाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेब साइटमा राख्नु पर्दछ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ।

नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विदेशी शक्ति राष्ट्रका गुप्तचरहरूदेखि सावधान

काठमाडौँ, २१ माघ । देशमा समाजवादी व्यवस्थाले मात्रै कामदार जनताको दीर्घकालीन हित गर्ने कुरामा शङ्का छैन । समाजवादी व्यवस्था पुँजीवादी निर्वाचन वा शान्तिपूर्ण सङ्घर्षबाट सम्भव छैन । समाजवादी व्यवस्था मात्र कामदार जनताको शासन हुनसक्ने यथार्थलाई जनतामाझ लगेर सुसूचित पार्ने एउटा माध्यम निर्वाचन पनि हो । बेइमानी गर्ने मौका नपाएसम्म इमानदार भएका नेता तथा कार्यकर्ताहरूको सत्तालिप्सा, असंसदीय क्रियाकलाप, शुभलाभ, अपहरण, अराजनीतिक र निकृष्ट गतिविधिले जनतामाझ राजनीति र प्रजातन्त्रप्रति नै वितृष्णा फैलिएकोमा शङ्का छैन । यस्तै क्रियाकलापका कारण सरकारमा रहेका दलका नेता, मन्त्री, सांसदहरूको बदनाम भयो । सत्तासीन दलका नेताहरू गम्भीर र जिम्मेवार नभएका कारण, जनताको माग सम्बोधन नगरेको कारण प्रतिगामी र पुनरुत्थानवादी मात्र होइन विदेशी दलाल र विदेशी शक्ति राष्ट्रका गुप्तचरहरू सल्बलाउन थाले । सरकारी तथा गैरसरकारी संस्थाका सञ्चालक, हिस्सेदार र त्यसमा संलग्न उच्चपदस्थ पदाधिकारीहरू जनताको बस्तीमा भिजेर गुह्य कुरा बुझ्न थाले । यसको कारण, गोप्यता भङ्ग भयो या चुह्यो । त्यो कुरा देश विदेशमा पुग्यो र यहाँ उच्छृङ्खल र अराजनीतिक गतिविधि गर्न मसला बन्न पुग्यो ।

संसदीय व्यवस्था पुनः स्थापनापछि सरकारमा सामेल भएका सत्तासीन दलका नेताहरूले देश र जनताको समाधान गर्नुको सट्टा जटिल बनाए; बेथिति बढाए; भ्रष्टाचारी र कमिसनखोरहरूलाई प्रोत्साहित गरे । यसबाट आपराधिक व्यक्तिहरूमा उत्साह बढ्यो । त्यस्तै, आपराधिक व्यक्तिहरूलाई ठुला दलका नेताहरूले पक्षपोषण गरे, आ-आफ्नो दलमा भित्र्याए । परिणामतः देशको सार्वभौमिकता र अखण्डतामा समेत आघात पुग्यो ।

मेचीदेखि महाकालीसम्म भारतीय पक्षले नेपाली भूमि धेरै मिचेको कुरा

***बाँकी पृष्ठ ८ मा***

***व्यङ्ग्यचित्रको कुनो***






गाडीमा लोड गरिँदै मतपेटिका
कान्तिपथस्थित बहादुर भवनमा रहेको निर्वाचन आयोगको कार्यालयबाट प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि ललितपुर जिल्ला निर्वाचन कार्यालयमा पठाउन गाडीमा लोड गरिँदै मतपेटिका । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# सामान ढुवानीमा देखिएको समस्या समाधान गर्न आग्रह

काठमाडौँ, २१ माघ । नेपाल समुन्द्रपार निकासी पैठारी सङ्घले केही महिनायता नेपालका लागि आयातित सामान ढुवानीमा देखापरेको समस्या समाधानका लागि आग्रह गरेको छ ।

सङ्घको प्रतिनिधिमण्डलले वाणिज्य सचिव डा. रामप्रसाद घिमिरेलाई उहाँकै कार्यकक्षमा भेटेर वाणिज्यसँग निजी क्षेत्रको चासोका विषयमा ध्यानाकर्षण गराएको हो ।

सङ्घका महासचिव जयन्तकुमार अग्रवालका अनुसार केही महिनायता नेपालका लागि आयातित सामान भारतीय भूमिमा ढुवानी गर्दा विलम्ब भइरहेको जानकारी गराउँदै नेपाली सामान ढुवानीका लागि थप रेल उपलब्ध गराउने पहल गरिदिन सचिव घिमिरेलाई आग्रह गरिएको छ ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझावबमोजिम भारतीय र नेपाली बजारमा वस्तुको मूल्यमा फराकिलो अन्तर नहुने गरी भन्सार महसुल र अन्य करका दरहरू समायोजन गरी ग्रे मार्केट नियन्त्रण गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

तेस्रो मुलुकमा निर्मित मेसिन औजारका पार्टपुर्जा भारतबाट आयात गर्न पाउने व्यवस्थाका लागि नेपाल-भारत वाणिज्य सन्धिको प्रोटोकल संशोधनका लागि पहल गर्न पनि सङ्घले आग्रह गरेको छ ।

पछिल्लो समय सरकारले स्थगित गरेको निर्यातको नगद अनुदान अविलम्ब सञ्चालन गर्न पनि सङ्घले माग गरेको छ । त्यसैगरी, एजेन्सी ऐनका कठिन प्रावधान संशोधन गर्न जोड दिएको सङ्घले फर्म नवीकरणमा एकद्वार नीतिको आवश्यकता औँल्याएको छ ।

सरकारी निकायमा एक ठाउँमा कागजात पेस गरिसकेको अवस्थामा ती कागजात आवश्यक पर्दा जुनसुकै सरकारी निकायले अनलाइनबाटै प्राप्त गर्न सक्ने प्रणाली विकास प्रक्रिया सरलीकरण गर्न पनि सङ्घले माग गरेको छ ।

अधिकतम खुद्रा मूल्यको विषयमा विद्यमान द्विविधा हटाउन आग्रह गरेको सङ्घले प्रत्येक फर्मले वार्षिक कारोबारको फाँटबारी वाणिज्य विभागमा पेस गर्नुपर्ने प्राइभेट फर्म रजिस्ट्रेसन नियमावलीको प्रावधानले व्यवसायको लागत बढाउने र झन्झट थप्ने काम मात्र गरिरहेको गुनासो गरेको छ ।

सङ्घले खुला बजार अर्थतन्त्रको मान्यताविपरीत सामान्य जनजीवनका आवश्यक वस्तु आयातमा प्रतिबन्ध नलगाउन आग्रह गरेको छ । आयातमा प्रतिबन्ध लगाइएका वस्तुहरू सीमा नाकाका छिद्रमार्फत अनधिकृत रूपमा आयात भई बजारमा खुलेआम बिक्री हुने हुँदा यसबाट राजस्व गुम्ने, वैधानिक व्यापार रोकिने र अनधिकृत व्यापार फस्टाउने सङ्घको तर्क छ ।

सरकारले नगदमा कारोबार गर्न पाउने सीमा रु. १० लाखबाट घटाएर पाँच लाख कायम गरेकोमा पनि सङ्घले असन्तुष्टि जनाएको छ । जवाफमा सचिव घिमिरेले विभिन्न वस्तुमा आयातमा कायम प्रतिबन्धबारे अध्ययन गरी सुझाव पेस गर्न आफूले समिति गठन गरिसकेको जानकारी गराउँदै सङ्घले उठाएका विषयहरूलाई सम्बोधन गर्न आफ्नो तर्फबाट सक्दो पहल गर्ने आश्वासन दिनुभयो ।

सङ्घका अध्यक्ष शिवकुमार अग्रवालले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलमा महासचिव जयन्त अग्रवाल, सचिव विष्णुकुमार जोशी र कार्यसमिति सदस्यहरू मयंक केडिया र आकाश गोल्छा सहभागी हुनुहुन्थ्यो । **रासस**

# स्वास्थ्य बीमा कार्यक्रममा देखिएका समस्या समाधानका लागि अर्थमन्त्रालयसँग बजेट माग

काठमाडौँ, २१ माघ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा गौतमले राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा देखिएको आर्थिक सङ्कट समाधानका लागि तत्काल आवश्यक बजेट उपलब्ध गराउन अर्थ मन्त्रालयसँग माग गर्नुभएको छ ।

आज प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा भएको छलफलमा उहाँले तत्काल रु. १५ अर्ब व्यवस्थापन नगरे स्वास्थ्य बिमा प्रणालीमा आवद्ध रहेका अस्पतालहरू बन्द हुनसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

मन्त्री डा. गौतमले विद्यमान समस्या र अवस्थाको समाधान छलफल र सुझावले मात्र सम्भव नहुने भन्दै स्रोत व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग आग्रह गर्नुभयो । "शून्य बजेटमा २४ अर्ब दायित्व बोकेर स्वास्थ्य बिमा कार्यक्रम कसरी सञ्चालन हुन्छ ?", मन्त्री गौतमले प्रश्न गर्नुभयो, "कि स्पष्ट रूपमा स्वास्थ्य बिमा बन्द गर्न निर्देश हुनुपर्‍यो कि आवश्यक रकम जुटाइदिनुपर्‍यो ।"

स्वास्थ्यमन्त्री डा. गौतमले अर्थमन्त्री र अर्थसचिवलाई प्रत्यक्ष सम्बोधन गर्दै साउनमा प्रस्तुत बजेट वक्तव्यमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अतिविपन्न तथा अल्पसङ्ख्यक समुदायका लागि स्वास्थ्य बिमा सुविधालाई निरन्तरता दिने सरकारको नीतिअनुसार मन्त्रालयले काम गरिरहेको बताउनुभयो ।

सो छलफलमा अर्थसचिव घनश्याम उपाध्यायले स्वास्थ्य मन्त्रालयलाई नीतिगत सुधारका लागि सुझाव दिँदै आवश्यक स्रोत जुटाउन अर्थ मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो ।

"तत्कालै व्यवस्थापनका लागि स्वास्थ्य बिमाका लागि दिने सहिने रकमको पुनर्प्राथमिकीकरण गरेर स्वास्थ्य मन्त्रालयले ल्याउनुपर्ने देखिन्छ । रकमान्तर गर्ने, स्रोतान्तर गर्ने विषयमा अर्थ मन्त्रालयले पूर्ण सहयोग गर्नेछ । त्यसबाहेक पनि अन्य मन्त्रालयमा रहेका चालु खर्चहरूको विवरणअनुसार आवश्यकताका आधारमा स्वास्थ्य मन्त्रालयमा रकमान्तर गर्न तयार छौँ", सचिव उपाध्यायले भन्नुभयो ।

स्वास्थ्य मन्त्रालयले सुधारलाई पहिलो एजेन्डा नबनाई स्रोतको खोजी मात्र गरेमा स्वास्थ्य बिमा दिगो रूपमा सञ्चालन हुन नसक्ने उहाँको भनाइ छ । "स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित कार्यक्रममा देखिएका समस्या समाधान गर्ने पहिलो एजेन्डा मन्त्रालयले नै बनाउनुपर्छ, अनि मात्र सुधार सम्भव छ", सचिव उपाध्यायले भन्नुभयो ।

# निर्वाचनमा हुने प्रविधिको दुरुपयोग रोक्न आयोग र टिकटक प्रतिनिधिबिच समझदारी

काठमाडौँ, २१ माघ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रविधिका माध्यमबाट हुनसक्ने दुरुपयोग रोक्न योजनाबद्ध काम भइरहेको बताउनुभएको छ ।

निर्वाचन आयोगले सामाजिक सञ्जाल टिकटकका प्रतिनिधिसँग आज गरेको समझदारीपत्र आदानप्रदान समारोहलाई सम्बोधन गर्दै उहाँले निर्वाचनका पक्षमा सिर्जित वातावरण धमिलिन नदिन ऐतिहासिक सम्झौता भएको बताउनुभयो ।

टिकटकसँग सम्झौता गरेपछि यसका माध्यमबाट आचारसंहिता उल्लङ्घन, मिथ्या सूचना रोक्न सहयोग पुग्ने विश्वास गरिएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो । टिकटकले निःशुल्क रूपमा निर्वाचनमा हुने दुरुपयोग रोक्न सहयोग गर्न लागेकामा उहाँले धन्यवाद दिनुभयो ।

कार्यक्रममा आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराई र टिकटकका तर्फबाट सामाजिक नीति र सरकारी सम्बन्ध प्रमुख फेर्दोस अल मत्ताकिनले समझदारीपत्र आदानप्रदान गर्नुभएको थियो । प्रतिनिधिसभा सदस्य निर्वाचनको स्वच्छता कायम गर्न यसबाट सहयोग पुग्ने विश्वास गरिएको छ । निर्वाचनमा स्वच्छता प्रवर्द्धन तथा आयोगको क्षमता अभिवृद्धिका लागि टिकटकले सहयोग गर्ने भएको छ । साझेदारीले निर्वाचनसम्बन्धी सही, भरपर्दो र समयमै सर्वसाधारणको पहुँचमा सूचनाको पहुँच पुऱ्याउन सहयोग पुग्ने विश्वास आयोगले गरेको छ ।

समझदारीले निर्वाचनलाई असर पार्नसक्ने भ्रामक सूचना तथा हानिकारक सामग्रीको नियन्त्रणका लागि आयोगबाट भइरहेको प्रयासमा योगदान पुऱ्याउने विश्वास गरिएको छ ।


## हार्दिक समवेदना



जन्म
२००७/०७/०८

निधन
२०८२/१०/१६

लक्ष्मीनारायण तुल्सीबाख्यो

गोल्मढी नमस्ते समूहका सदस्य सत्यनारायण तुल्सीबाख्योका श्रद्धेय पिता **लक्ष्मीनारायण तुल्सीबाख्यो**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**गोल्मढी नमस्ते समूह**

| | | | |
|---|---|---|---|
| मैयाकेशरी किसी | राजेश दुवाल | राधाकृष्ण कवां (ख) | दिनेश मचामसी |
| श्रीभक्त कवां | रामकृष्ण गोसाई | सुदिल कवां | बलराम कवां |
| लक्ष्मीराम गोसाई | विश्वराम मचामसी | गणेशभक्त खिचाजु | बलराम पौं |
| इन्द्रप्रसाद मचामसी | राधेश्याम तचामो | पूर्णकुमार मचामसी | नारायणभक्त किसी |
| विष्णुहरि कवां | बालगोविन्द तचामो | रामसुन्दर कवां | रामसुन्दर गोसाई |
| राजेश मचामसी | मिश्रीभक्त कवां | सुनिल तुल्सीबाख्यो | राजुभाइ गोसाई |
| राधाकृष्ण कवां(क) | भीमसेन तुईतुई | कृष्णप्रसाद कवां | रूजन मचामसी |

## हार्दिक समवेदना

जन्म : १९९५।०८।२०
निधन : २०८२।०५।१७



मनमाया गोसाई



रामकृष्ण कुस्मा

जन्म : २००३।०५।०३
निधन : २०८२।१०।१८

यस समितिका सदस्यद्वय केदार गोसाईकी पूजनीय माता **मनमाया गोसाई** र रामप्रसाद कुस्माका पूजनीय पिता **रामकृष्ण कुस्मा**को असामयिक निधनमा दिवङ्गतहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**भक्तपुर नगरपालिका वडा नं.-७, कार्यालय**
**कृषि समिति**

## सङ्क्षिप्त समाचार

# एघार करोडको लागतमा दूधमती नदीको उत्खनन

जनकपुरधाम, २१ माघ । रु. एघार करोडको लागतमा ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको दूधमति नदीको उत्खनन तथा विकास निर्माणकार्य सुरु भएको छ ।

मधेस प्रदेश सरकारको ऊर्जा तथा सिँचाइ तथा खानेपानी मन्त्रालयको सहयोगमा सो नदीको उत्खनन तथा विकास निर्माण कार्य सुरु भएको हो ।

मन्त्रालयका निमित्त सचिव रामकुमार खंगले सो नदीको पहिलो चरणमा धनुषाको महेन्द्रनगरदेखि महोत्तरीको मटिहानीसम्म २९ किलोमिटर नदी बहाव क्षेत्रमा कार्य हुने जानकारी दिनुभयो । सो मन्त्रालयको दूधमति नदीको विकास कार्यक्रमअन्तर्गत उक्त नदीको सौन्दर्यकरण, घाट निर्माण र मर्मतसम्भार, बाँध निर्माण, सडक निर्माण तथा सिँचाइका सुविधा पुऱ्याउनेलगायतको कार्य हुने बताइएको छ ।

उक्त नदी उत्खनन तथा विकासको ठेक्का वछालदेवी जेभी काठमाडौँले एक वर्षभित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का पाएको मन्त्रालयले जनाएको छ । मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहको कार्यकालमा सो उत्खननका साथै अतिक्रमण हटाउने विषयमा बजेट विनियोजन भएको थियो ।

साथै तत्कालीन प्रदेशका पूर्वऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवको विशेष पहल तथा सक्रियतामा बजेट विनियोजन भएको थियो । विभिन्न धार्मिकग्रन्थमा समेत पवित्र नदीको रूपमा वर्णन गरिएको यस नदीमा स्नान तथा पूजाआजाको लामो परम्परा रहिआएको छ । ***रासस***

# विद्युत् चुहावट हुँदा बुढानीलकण्ठमा आगलागी

काठमाडौँ, २१ माघ । काठमाडौँको बुढानीलकण्ठ नगरपालिका-१३ चुनीखेलमा लागेको आगलागीबाट भएको क्षतिको विवरण सङ्कलनकार्य सुरु गरिएको ।

गए राति करिब ११ बजे विद्युत् सर्ट हुँदा चुनीखेल बस्तीमा रहेका दुईवटा जस्ताको टहरामा आगलागी भएको र तीन घण्टापछि बुधबार बिहान उक्त आगलागी नियन्त्रणमा आएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी नायब उपरीक्षक कौशलकुमार बुढाथोकीले राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "विद्युत् सर्ट हुँदा आगलागी भएको बुझिएको छ, राति हामीले मानवीयलगायतको उद्धार गरेका थियौँ, अहिले बिहानबाट क्षतिको विवरण सङ्कलनकार्य सुरु भएको छ ।"

यसैगरी आगलागी भएको ठाउँबाट सात जनाको उद्दार गरिएको र मानवीय क्षति नभएको प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताउनुभयो । ***रासस***

# शरीर बन्धक बनाएको अभियोगमा दुई जना पक्राउ

सिरहा, २१ माघ । वैदेशिक रोजगारीका लागि आकर्षक तलबको प्रलोभन देखाएर एक युवकलाई भारतमा पुऱ्याई शरीर बन्धक बनाएको आरोपमा दुई जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार कल्याणपुर नगरपालिका-७ का २६ वर्षीय सुरज मुखिया र लहान नगरपालिका-११ का २२ वर्षीय प्रशान्त चौधरीलाई पक्राउ गरिएको हो ।

अभियुक्तद्वयले कल्याणपुर गनरपालिका-७ का रिशकेशकुमार मरिकलाई भारतको गयामा आकर्षक काम लगाइदिने भन्दै प्रलोभनमा पारिएको थियो । गत पुस २० गते त्यहाँ पुऱ्याएपछि मोबाइल र सर्टिफिकेटसमेत खोसी उनलाई एक होस्टलमा बन्धक बनाएको पीडितले बताएका थिए । पीडितलाई बन्धक बनाएर कुटपिट गर्ने र ज्यान मार्ने धम्की दिँदै परिवारबाट फिरौती रकम असुल गरेको प्रहरीले जनाएको छ ।

अभियुक्तहरूले पीडितको परिवारबाट रु. दुई लाख १७ हजार २०० र मरिकको साथबाट ३० हजार भारु असुल गरेका थिए । ***रासस***

# अस्थायी मतदाताका निम्ति बाँकेमा तीन केन्द्र

नेपालगन्ज (बाँके), २१ माघ । जिल्ला निर्वाचन कार्यालयले अस्थायी मतदाताका लागि तीन मतदान केन्द्र कायम गरेको छ ।

जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीका अनुसार जिल्लाको निर्वाचन क्षेत्र नं १ को नौवस्ता कारागार, क्षेत्र नं २ को बाँके कारागार र कर्मचारीका लागि रामलीला मैदानमा अस्थायी मतदान केन्द्र कायम गरिएको हो ।

सङ्घ तथा प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको स्वामित्वमा रहेका संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी, कारागारमा रहेका थुनुवा वा कैदी, वृद्धाआश्रममा बसेका व्यक्तिलगायत अस्थायी मतदाता नामावलीमा समावेश छन् । बाँकेमा दुई हजार ३३८ जना अस्थायी मतदाताका छन् । अस्थायी मतदाताले समानुपातिक निर्वाचनमा मात्र मतदान गर्न पाउने व्यवस्था छ ।

प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङको अध्यक्षतामा मङ्गलबार भएको बैठकले निर्वाचनका लागि दुई हजार ४१५ कर्मचारी सिफारिस गरेको हो । ***रासस***




**विश्व क्यान्सर दिवस : सचेतना ऱ्याली**

विश्व क्यान्सर दिवसको अवसरमा बुधबार सिरहाको लहान बजारमा निकालिएको सचेतना ऱ्याली । नेपाल क्यान्सर रिलिफ सोसाइटी र लहान क्यान्सर केयर सेन्टरको पहलमा आयोजित कार्यक्रममा क्यान्सर रोकथाम र समयमै उपचारको महत्त्वबारे जनचेतना जगाएको थियो भने उक्त ऱ्यालीमा स्थानीय जनप्रतिनिधि, समाजसेवी, विभिन्न शैक्षिक संस्थाका विद्यार्थी तथा सर्वसाधारणको सहभागिता रहेको थियो । *तस्बिर: सुदीप राउत/रासस*

# क्यान्सर भए/नभएको पत्ता लगाउन नियमित परीक्षण गर्नुपर्ने

देउखुरी (दाङ), २१ माघ । आफूलाई क्यान्सर भए/नभएको पत्ता लगाउन नियमित परीक्षण गर्नुपर्नेमा एक कार्यक्रमका सहभागी जोड दिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय दाङको आयोजनामा यहाँ भएको 'नेपालमा क्यान्सर नियन्त्रण, विद्यमान अवस्था, चुनौती र भावी कार्यदिशा' सम्बन्धी छलफल कार्यक्रमका सहभागीले नियमित स्वास्थ्य परीक्षण क्यान्सर पत्ता लगाउने प्रमुख माध्यम भएको बताएका हुन् ।

दाङमा पनि क्यान्सरका बिरामी पत्ता लाग्नेक्रम बढेको बताइएको छ । नसर्ने रोगअन्तर्गत क्यान्सरको समस्या दिनप्रतिदिन बढ्दै गएको सरोकार भएकाहरूले बताएका छन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीका डा. विकास गौचनले क्यान्सर भए/नभएको पत्ता लगाउन समयसमयमा परीक्षण गर्नुपर्ने बताउनुभयो । उहाँले क्यान्सरबाट बच्नका लागि खानपान, जीवन शैलीलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले शङ्का लागेपछि उपचार गर्नुभन्दा रोग नलाग्दै उपचार गर्नुपर्ने धारणा राख्नुभयो । क्यान्सरबाट बाच्नका लागि सुर्तीजन्य पदार्थ सेवन गर्न नहुने उहाँको भनाइ छ ।

स्वास्थ्य कार्यालय दाङका पब्लिकहेल्थकर्मी रीता पौडेलले नेपालमा फोक्सोको क्यान्सर हुने कारणमा धुवाँधुलो, वातावरण प्रदूषणलगाउत कारणले हुने गरेको बताउनुभयो । नेपालमा महिलामा हुने पाठेघरको मुखको क्यान्सरको दर १९ प्रतिशत रहेको जानकारी दिनुभयो ।

दाङमा पाठेघरको मुखको क्यान्सरबाट बच्न ३० देखि ६० वर्षका महिलाको स्वास्थ्य परिक्षणलाई दुई वर्षदेखि निरन्तर दिइरहेको उहाँले बताउनुभयो । स्थानीय तहसँगको समन्वयमा भिआइए प्रविधिबाट परीक्षण हुने भएकाले ढुक्कसँग परीक्षण गराउन उहाँले सबैलाई आग्रह गर्नुभयो ।

दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, तुलसीपुरको राप्ती प्रादेशिक अस्पताल, लमहीस्थित लमही अस्पताल र गढवामा रहेको गढवा स्वास्थ्यचौकीमा पाठेघरको मुखको क्यान्सरसम्बन्धी परीक्षण भइरहेको पब्लिकहेल्थकर्मी पौडेलले जानकारी दिनुभयो ।

घोराही उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख राधा पौडेलले महिलाका लागि निःशुल्क स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था गरिएको बताउनुभयो । उहाँका अनुसार संस्थागत परिवार क्लिनिकमा महिलासम्बन्धी सबै किसिमका उपचार निःशुल्क हुने गरेका छन् ।

स्वास्थ्य कार्यालय दाङबाट गत वर्ष १५१ जनाले क्यान्सर उपचारको सिफारिस लिएका थिए । यो वर्ष ५६ जनाले सिफारिस लिएका कार्यालयका जनस्वास्थ्य निरीक्षक कुन्दन ठाकुरले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल सरकारले पाठेघरको मुखको क्यान्सरबाट बचाउनका लागि कक्षा ६ देखि १२ कक्षासम्मका किशोरीलाई एचपीभी खोप लागाउने गरेको छ । ***रासस***

# चितवनका ६ हजार बढी बालिकाहरूलाई एचपीभी खोप

चितवन, २१ माघ । जिल्लाका छ हजार ७६८ बालिकाहरूलाई पाठेघरको मुखमा हुने क्यान्सर हुन नदिने भ्याक्सिन एचपीभी खोप लगाइने भएको छ । यहाँका ७२५ वटा विद्यालय र ११४ स्वास्थ्य केन्द्रबाट ती बालिकाहरूलाई खोप दिन लागिएको हो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख निर्मल घिमिरेका अनुसार खोपका लागि आवश्यक भ्याक्सिन आइसकेको छ । उहाँले भन्नुभयो, "खोप लगाउनका लागि आवश्यक सात हजार भ्याक्सिन आइसकेको छ । १० देखि १४ वर्षका किशोरीहरूलाई यो खोप दिन लागिएको हो । कक्षा ७ देखि १० कक्षासम्मका किशोरी र विद्यालय बाहिर रहेका ११ देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई ती खोप केन्द्रबाट खोप दिइने उहाँले बताउनुभयो । माघ २५ गतेदेखि फागुन १ गतेसम्म खोप अभियान सञ्चालन गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

पाठेघरको मुखमा हुने क्यान्सर हुन नदिने भ्याक्सिन एचपीभी खोपका लागि चितवनमा बाहिरी खोप केन्द्र सञ्चालन गर्न आवश्यक नरहेको उहाँले बताउनुभयो । खोप लगाउने अभियानको तयारीका सम्बन्धमा आज आयोजित जिल्लास्तरीय खोप समन्वय समितिको बैठकले चितवनमा बाह्य खोप केन्द्र आवश्यक नभएको निष्कर्ष निकालिएको हो । घिमिरेका अनुसार जिल्लामा रहेका सबै स्थानीय तहको वडास्तरमै खोप केन्द्र भएकाले बाह्य केन्द्र आवश्यक नभएको हो । उहाँले भन्नुभयो, "हामीसँग आफ्नै खोप केन्द्र छन् । हरेक विद्यालयमा गएर खोप दिने योजना छ । जिल्लामा बाह्य खोप केन्द्र आवश्यक छैन ।" अभियानमा ३२५ खोप कार्यकर्ता र ३२५ स्वयंसेवक परिचालन गरिने छ ।

सो अवसरमा जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारी र बकुलर अस्पतालका प्रमुख डा. अङ्कित पौडेलले नेपालमा पाठेघरको क्यान्सरका कारण मृत्यु हुने महिलाको सङ्ख्या बढ्दै गएको अवस्थामा यो खोप अनिवार्य रहेको बताउनुभयो । यस अभियानलाई सफल बनाउन सबैको हातेमालो आवश्यक रहेको उहाँहरूले बताउनुभयो । ***रासस***

# निर्वाचन २९ दिन बाँकी : समानुपातिकतर्फको बन्दसूचीमा पुरुषको तुलनामा महिला बढी

काठमाडौँ, २१ माघ । प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरूले पेस गरेको बन्दसूचीमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको पाइएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फको अन्तिम बन्दसूचीको नामावलीअनुसार एक हजार सात सय ७२ जना महिला छन् । यस्तै, पुरुष एक हजार तीन सय ६३ जना छन् । समानुपातिकतर्फ ६३ राजनीतिक दल सहभागी छन् । आयोगले कूल ५७ वटा निर्वाचन चिन्ह कायम गरेको छ ।

आयोगमा अनुसार, अन्तिम सूचीअनुसार कूल तीन हजार एक सय ३५ उम्मेदवार कायम भएका छन् । आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ र प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम १६ को उपनियम २ बमोजिम अन्तिम नामावली प्रकाशन गरेको हो ।

आयोगले विभिन्न कारणले गर्दा ७६ जना उम्मेदवारको नामावली भने बन्दसूचीबाट हटाएको थियो । त्यसमा कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१ जना र प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम कायम रहेका कूल २५ जनाको नाम हटाएको छ ।

# क्यान्सरबाट हरेक वर्ष दस लाखको ज्यान

काठमाडौँ, २१ मघ । फेब्रुअरी ४ को दिन विश्व क्यान्सर दिवस हो । यो रोगप्रति चेतना अभिवृद्धि गर्ने, यसको रोकथाम, समयमै पहिचान र उपचारमा जोड दिने उद्देश्यका साथ हरेक वर्ष फेब्रुअरी ४ का दिन विश्वभर विश्व क्यान्सर दिवस विविध चेतनामूलक कार्यक्रमका साथ मनाइन्छ ।

सन् २००० मा फ्रान्सको पेरिसमा आयोजित 'नयाँ सहस्राब्दीका लागि क्यान्सरविरुद्ध विश्व शिखर सम्मेलन' बाट पारित 'चार्टर अफ पेरिस अगेन्स्ट क्यान्सर' पछि यो दिवस चेतनामूलक कार्यक्रमका साथ मनाउन प्रारम्भ भएको हो ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का अनुसार हरेक वर्ष करिब १० लाख मानिसको क्यान्सरका कारण मृत्यु हुने गरेको छ । धूमपान, तमाखु सेवन, अस्वस्थ जीवनशैली यो रोगका प्रमुख कारण हुन् । ***रासस***

। सम्पादकीय ।

# निर्वाचन पनि विचारको लडाइँ

प्रतिनिधिसभाको निर्वाचन कुनै नयाँ र पुरानो राजनीतिक दलबिचको लडाइँ होइन, यो विचारको लडाइँ हो। दल पुरानो होस् या नयाँ त्यसले देशविरोधी, जनविरोधी काम गर्छ भने जनताले विरोध गर्नुपर्छ। नयाँ र पुरानोको आधारमा कुनै दललाई सही र गलत ठान्नु उपयुक्त हुँदैन। यो निर्वाचनमा पुरानो र नयाँ दलको द्वन्द्व होइन कुन दलले कुन वर्गको स्वार्थको निम्ति काम गरेको छ भन्नेतर्फ जनताले ध्यान दिनुपर्छ। नयाँ दलसँग पुरानोको र पुरानोको नयाँ दलसँग टक्कर भनी देशको राजनीतिलाई दल अर्को दिशातर्फ मोड्ने काम गर्नु हुँदैन। राजनीतिक कुनै न कुनै दर्शन, विचारबाट निर्देशित हुने हुँदा निर्वाचनको बेला होस् या अरु बेला दलहरूबिच वैचारिक या सैद्धान्तिक बहस हुन्छ। सदनमा होस् या सडकमा कुन दल नयाँ र कुन दल पुरानो भनी हेर्नुभन्दा कुन दलले कुन वर्गको पक्ष लिएको छ ? त्यो बुझ्नुपर्छ।

कुनै पनि राजनीतिक दलको नेतृत्व उमेरले गर्ने होइन विचारले नै गर्ने हो। पुराना नेता सबै गलत र नयाँ युवा नेता जति सबै ठीक हुन्छ भन्ने भ्रम कुनै पनि नेपालीले आत्मसात गर्नुहुँदैन। सञ्चारकर्मी र राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले पनि वास्तविकता छोपेर नयाँ र पुरानो दलकै आधारमा सही र गलत भनी प्रचार गर्ने काम ठीक होइन। युवा या वृद्ध जो नेता भए पनि देश र जनता समर्पित भएर काम गर्नुपर्छ। यो निर्वाचनको सन्दर्भमा आफूलाई ठुला र नयाँ दल भनेका नेताहरू हल्लैहल्ला गरेर जनताको मत आफूतिर तान्ने प्रयास गर्दै छन्। यहीबेला कति दलका नेता तथा कार्यकर्ताहरू पार्टी प्रवेश भनी जनमत आफूतिर खिच्ने काममा जुटेका छन्। सिद्धान्त र विचारमा अडान नभएका, नेता तथा कार्यकर्ताहरू कहिले को कुन दलमा कहिले को कुन दलमा भित्रिरहेका छन्।

निर्वाचनको बेला दलका नेता तथा कार्यकर्ता जनतामाझ पुगेर सिद्धान्त र विचार प्रचार गर्नु अन्यथा होइन। कुनै दलका नेताहरूमा देश बनाउनेबारे स्पष्ट दृष्टिकोण नै हुँदैन। तर, उनीहरू हात हल्लाएर, जिल्ला घुमेर जनताको सद्भाव पाउने प्रयास गर्छन्। जनतालाई हरतहरले शिक्षित गर्ने, खबरदारी गर्ने बेला यही निर्वाचनमा हो। दलका नेता तथा कार्यकर्ताहरू निर्वाचनकै बेला गाउँ-गाउँ र बस्ती-बस्तीमा पुग्छन्, प्रचारप्रसार गर्छन्। यस अर्थमा यो निर्वाचन जनतालाई सचेत र सङ्गठित गर्ने माध्यम पनि हो। नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) भन्नुहुन्छ, "निर्वाचन राजनीतिक विश्वविद्यालय हो। दलका नेता तथा कार्यकर्ताहरू लाखौँ लाख जनतामाझ पुग्छन्। निर्वाचन जनतालाई प्रशिक्षित गराउने प्रशिक्षणालय हो। तर, विडम्बना ! आफूलाई ठुला र नयाँ भनिएका दलका नेता तथा कार्यकर्ताहरू सिद्धान्त र विचार प्रचार नगरी यो 'सानो' दल, सरकारमा नजाने दल आदि भनी वास्तविक राजनीतिलाई ढाकछोप गर्छन्। यस्तै सतही र गलत राजनीति भएकै कारण युवाहरू सिद्धान्तनिष्ठ भएनन्। असह्य भयो भनी उनीहरू उच्छृङ्खल र अराजनीतिक गतिविधिमा सरिक भए। यस्तै असह्य भएरै निस्केको आक्रोश हो, भदौ २३ र २४ गतेको सङ्घर्ष।

ठुला र नयाँ भनिएका दलका नेताहरूले निर्वाचनको क्रममा देशको लागि कस्तो ऐन कानुन बनाउने, व्यापक जनताको हितमा के के संविधान संशोधन गर्ने भन्ने एजेन्डै छैन। निर्वाचन नहुँदै, निर्वाचनमा नजित्दै प्रधानमन्त्री बन्ने होडबाजी गरेर, घाँटी फुलाएर, बकबास गरेर दलका नेता तथा कार्यकर्ताहरू सतही राजनीति गर्दै छन्। कामभन्दा गफ हाँकेर, आश्वासन र मिठा सपना बाँडेर जनतालाई किन झुक्याइँदै छ ? प्रम बन्ने कुरा फुकेपछि के गर्नको निम्ति प्रम बन्ने भन्नेबारे एजेन्डा सार्वजनिक गर्नुपर्दैन ? प्रम बन्ने होडबाजीबाट दलका नेताहरू कुर्सीको राजनीतिमा लागेको स्पष्ट हुन्छ। बहुमत ल्याउने, नल्याउने कुरा हल्ला गरेर होइन काम गरेर देखाउने हो र जनताको विश्वास जित्ने हो।

पुँजीवादी व्यवस्थाभित्र रहेर केही सुधार गर्नसक्ला तर आमूल पारिवर्तन सम्भव छैन। जसरी भए पनि जित्ने र जिताउने दाउको कारण कति पैसा खोलो बगाएर जिते, कति आपराधिक प्रवृत्तिका व्यक्ति जिते। कति धनदौलत भएका व्यक्ति जिते। यस्तै गतिविधिले गर्दा संसद् घुस्याहा, कमिसनखोर, धनाढ्य, आपराधिक व्यक्ति, ठेकेदारहरू पस्ने थलो बन्न पुग्यो। यो देशको निम्ति दुर्भाग्य हो। सिद्धान्त र विचारको ख्यालै गरिएन। सरकारको नेतृत्त्व गर्ने नाउँमा कहिले नेका र कम्युनिस्ट मिले। कम्युनिस्टमा पनि नेकासँग कहिले एमाले त कहिले माओवादी मिले। कहिले सत्तामा पुग्ने कम्युनिस्टहरू एक ठाउँमा बसे त कहिले पानी बाराबारको स्थितिमा पुगे। अलग अलग हुँदा पार्टीका नेतालाई हुनसम्म हिलोछ्याप्नेहरू कहिले मिल्न पुगे। चरोको धोती हुँदैन; नकच्चरोलाई लाज हुँदैन भनेको यही हो।

अन्तर्वार्ता

# देश र जनताको सेवाबाहेक हाम्रो कुनै निजी वा पार्टीगत स्वार्थ छैन



नारायणमान बिजुक्छेँ (रोहित)
नेमकिपा, अध्यक्ष

**● अध्यक्षज्यू, २०८२ भदौ २३ र २४ गते अकल्पनीय घटना भयो। ७६ जना नेपालीको ज्यान गयो। सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, प्रम निवास, राष्ट्रपति कार्यालयलगायत सरकारी कार्यालय, सार्वजनिक सम्पत्ति, निजी आवास आदि ध्वस्त पारिए अथवा गम्भीर क्षति पुऱ्याइए। छोटो समयमा यति जनधनको क्षति नेपालको राजनीतिक इतिहासमा योभन्दा अगाडि सायद भएको थिएन। यति हुँदासमेत जिम्मेवारी कसैले लिएको देखिँदैन। के यो गम्भीर विषय भएन र ?**

यसबारे घटनाको केही दिनभित्रै नेमकिपाले स्पष्ट पारेको छ। ती सब घटनालाई समयमै आकलन गर्न नसक्नु र समयमै सेना, प्रहरी र गुप्तचर विभाग, प्रशासन एवम् अदालत अर्थात् राज्यसत्ताका सबै अङ्गहरूलाई सतर्क एवम् तयार पार्न नसक्नुमा त्यसबेलाको सरकार अर्थात् के.पी. ओली (प्रधानमन्त्री) ले नै जिम्मेवारी लिनुपर्छ। त्यसमा गृहमन्त्री, सरकारका अन्य सदस्य र शासक दलका नेताहरू पनि समावेश हुन्छ।

केही दिनपछि सेना, प्रहरी, गुप्तचर विभागले प्रधानमन्त्री ओलीको चासो (रेस्पोन्स) र तदारुकताको अभावले नै गम्भीर क्षति घटना भएको बताएका थिए।

**● भदौ २३ र २४ गतेको घटनापश्चात् जननिर्वाचित प्रतिनिधिसभा भङ्ग गरियो। पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा निर्वाचन सरकार गठन भयो। वि.सं. २०७२ मा घोषणा भएको संविधान १० वर्षभित्रै गम्भीर दुर्घटनामा फस्यो। के यो संविधानको अवहेलना तथा उल्लङ्घन होइन ?**

सरकारको चासो र तदारुकताको अभावको कारण राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री के.पी. ओलीसँग प्र.म. पदबाट राजीनामा लिए। राष्ट्रपतिले प्रतिनिधिसभा भङ्ग गरे र नयाँ प्रधानमन्त्रीको चयन गरे। शासक दलहरूले तदारुकतापूर्वक स्थिति सम्हाल्ने काम गर्न सकेनन्। बाढीले आफ्नो बाटो बनाएजस्तै नयाँ उपाय शासनमा बस्नेले वा राष्ट्रपतिले गरे। यसकारण, सरकारमा बस्ने दलहरूले कार्यकर्ताहरूको रोजी-रोटी, प्रमोसन र नियुक्ति मात्रै हेर्ने होइन बरु सम्भावित सबै रोगब्याधि र समस्याको समाधानको निम्ति गुप्तचर विभाग, प्रहरी र सेनाको सहयोगको बन्दोबस्त संविधान र ऐन-कानुनले गरेकै हो। प्रधानमन्त्री निवास र सिंहदरबार न गफ गर्ने ठाउँ हो न त निष्क्रिय भएर बस्ने ठाउँ हो।

प्रजातन्त्रमा प्रधानमन्त्री त्यही पार्टीको हुन्छ जसले सरकारको तयारी गर्छ। रक्षापङ्क्ति असफल भए पनि आफूलाई मत दिने जनता र सङ्गठनहरूले प्रधानमन्त्रीलाई सहयोग गर्छन्। कर्तव्य पूरा गर्न सक्ने दृष्टिकोणले नै संसद्को बहुमत प्राप्त दललाई संविधान र जनताले जिम्मा दिएका हुन्।

यस अर्थमा सबै विध्वंस र क्षतिको निम्ति शेरबहादुर देउवा दोस्रो नम्बरको जिम्मेवार बने। 'जो चोर, उसैको ठुलो स्वर' भन्ने अडानको अगाडि दुवैजना शासक दलका नेताहरू चोखो बस्न सक्दैनन्।

**● संविधानविपरीत गठन भएको कार्की सरकारले गराउने चुनावको औचित्यबारे यहाँको धारणा के छ ? चुनावपश्चात् मुलुक झन् कानुनी जटिलतामा फस्ने सम्भावना देख्नुहुन्छ कि ?**

संविधानकै दुहाइ दिने हो भने संसद्को एकतिहाइ सदस्यहरूलाई प्रतिनिधिसभाका सदस्यहरू निर्वाचन गर्ने मनोनीत गर्ने प्रावधान कहाँ ? गृहयुद्धबाट आएका प्रचण्ड र बाबुराम भट्टराईहरूको दलको एकतिहाइ सांसदहरू कहाँबाट ल्यायो ? बेलायतको पुँजीवादी क्रान्तिले लण्डन कब्जा गऱ्यो र 'नयाँ सेना' को बलमा लामो समय नचलेको संसद् ब्युँतायो र नयाँ सेनालाई ठुलो सङ्ख्या सांसद ल्याउन दियो। त्यस संसद्को बहुमत भएको समितिले राजालाई ज्यान सजाय दिने फैसला गऱ्यो र लागू गऱ्यो।

फ्रान्सेली क्रान्तिमा १० वर्षभित्र ४ वटा संविधान बन्यो। त्यस्तै अहिलेको प्रधानमन्त्रीको सरकार राष्ट्रपतिले भित्री वा विदेशी शक्तिको समर्थनबाट ल्याए। अब कुनै कुरा गुप्त रहेन। जेन-जी कहाँबाट ल्यायो आदि विषय 'खुला मौनताको अवस्था' (ओपन सेक्रेट) मा छ।

अबको घोषित निर्वाचनबाट प्रतिनिधिसभा बन्यो भने त्यही सभाले अप्ठेरो सल्टाउने काम गर्नेछ। त्यसैले सरकारमा बस्ने दल र नेताहरूले ख्यालख्यालमा 'हिमालमा चिप्लेटी खेल्नु' देश र जनताको जीवनमरणसँग ठट्टा गरेको साबित हुन्छ।

**● गैरदलीय सरकारले चुनाव गराउँदै छ। स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित हुन सम्भव होला ? यस्तो परिस्थितिमा चुनावकै सन्दर्भमा समेत विदेशी हस्तक्षेप या चलखेल नहोला भन्न सकिन्न ?**

प्रजातन्त्रको पुन:स्थापनाको निम्ति गरेको आन्दोलनपछि राजाबाट घोषणा भएको कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्री कालमा भएको निर्वाचन पनि त निर्वाचनबाट आएको सरकार थिएन !

**● निर्वाचनकै मुखमा पुराना शासक दलहरू र नयाँ दलहरूबिच पार्टी एकता, गठबन्धन, सहकार्य हुँदै छ। के यसले प्रजातान्त्रिक अभ्यास सुनिश्चित गर्ला ? यस्तो परिवेशमा नेमकिपाले कस्तो बाटो रोज्छ ? के नेमकिपा चुनावमा एक्लै जान्छ ?**

पुराना शासक दलहरू र अहिले नयाँ पार्टीको नामबाट आएका नेता र कार्यकर्ताहरू पुरानै दलका नेता र कार्यकर्ता भएको हुँदा तिनीहरूको पार्टी एकता, गठबन्धन र सहकार्य त 'एमिवा' भनिने प्राणी जस्तै टुक्रा हुने र जोड्दा पनि उही हुने हो। गुणमा फरक पर्नेछैन।

**● निर्वाचन ४० दिनमात्र बाँकी हुँदा नेकालगायत दलहरू फुट्दै छन्। यो जुट र फुटबारे यहाँ के भन्नुहुन्छ ?**

अहिले शासक दलहरूले निर्वाचनमा मनोनयनपत्र दर्ता गरेका छन् र उम्मेदवारको नाम सार्वजनिक भयो। नेमकिपा पहिलेदेखि नै गर्दै आएको उपयोगको नीतिबाट भाग्ने छैन। नेमकिपाले जनताको अगाडि आफ्नो घोषणापत्रअनुसार मादल चिह्नमा मतदान गर्न अपिल गर्नेछ, दल-बदल, पद, पैसा, उपहारजस्ता खोटो गतिविधिबाट टाढा रहनेछ।

**● निर्वाचनमा नेमकिपाका प्रमुख मुद्दा केके हुन् ?**

नेमकिपाको प्रमुख मुद्दा देश र जनताको अहितमा जाने देशी र विदेशी तत्त्वहरूको विरोधमा आवाज उठाउँदै जानेछ। देश र जनताको सेवाबाहेक हाम्रो कुनै निजी वा पार्टीगत स्वार्थ छैन।

**● निर्वाचन निर्धारित समयभन्दा दुई वर्ष अगावै हुँदै छ। यो निर्वाचनमा स्पष्ट बहुमत कसैले ल्याउन नसक्ने र देश झनै अस्थिरतामा पुग्ने एकथरी विश्लेषकहरूको भनाइ छ। यहाँको विश्लेषण के छ ? मुलुकलाई यो दलदलबाट कसरी माथि उठाउन सकिन्छ ?**

नेमकिपा हरेक प्रकारको अस्थिरता र कठिनाइले देश र जनताको अहित गर्नेबारे असहमति जनाउँदै देशवासीकै पक्षमा जनतामाझ गएर काम गर्नेछ।

**● मुलुकको यस्तो विषम् परिस्थितिमा कानुन क्षेत्रमा सेवारत साथीहरूलाई के सुझाव दिनुहुन्छ ?**

युग अगाडि बढ्ने बेला पुराना र काम नलाग्ने ऐन-कानुन भनेर प्रगतिको विपक्षमा कानुनका छात्र-छात्राहरू र कानुनका अध्येताहरू प्रतिगामी बाटोको उल्टो प्रगतिको पक्षमा जानु देश र जनताको हितमा हुनेछ।

**● नेपाल मजदुर किसान पार्टीले ५२ औँ स्थापना दिवस मनाउँदै छ। यस अवसरमा नेपाली दाजुभाइ-दिदीबहिनी, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीलाई अध्यक्षज्यूको महत्त्वपूर्ण सन्देशका निम्ति सादर अनुरोध गर्दछौँ।**

नेमकिपाको ५२ औँ स्थापनाको अवसरमा नेपालमा रहेका सबै नेपाली जनता र विदेशमा परिश्रम गरिरहेका युवा-विद्यार्थी, महिला र बुद्धिजीवी साथीहरूलाई नेमकिपा जसरी ५१ वर्षभन्दा बढी समयदेखि इमानदारीपूर्वक देश र जनताको सेवामा समर्पित र सङ्घर्षशील छ, त्योभन्दा पनि नयाँ उत्साह र समर्पणको भावनाले हाम्रा सबै पार्टी सदस्य साथीहरू, समर्थक साथीहरू, युवा-विद्यार्थी र विभिन्न पेसाका श्रमजीवी साथीहरू एवम् बुद्धिजीवी साथीहरूसँग तन, मन र धनले हामीसँगै राजनीतिक गन्तव्यसम्म अगाडि बढ्न आह्वान गर्दछौँ। तपाईंहरूको साथ र सहयोगले हाम्रा नयाँ युवा साथीहरूको उत्साहमा थप ऊर्जा प्रदान गर्नेछ। यसकारण, हामी सबै एक होऔँ भनी अपिल गर्दछौँ।

**● अमेरिकाले अङ्ग्रेजी संवत् सुरु हुनासाथ भेनेजुयलामाथि हमला गऱ्यो। राष्ट्रपति निकोलस माडुरो र उनकी जहान तथा नेतृ सिलिया फ्लोरेसलाई अपहरण गरी अमेरिका लग्यो। न्युयोर्कस्थित अमेरिकी अदालतमा उभ्याइएको अवस्था छ। त्यस हमला र अपहरणलाई यहाँले कसरी हेरिराख्नुभएको छ ?**

भेनेजुयलामा आक्रमण गरी राष्ट्रपति मादुरो र उहाँको श्रीमतीलाई अपहरणको शैलीमा संरा अमेरिकी ट्रम्प प्रशासनले अमेरिकी कारागारमा राख्यो। संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा २ को उपधारा ४ अनुसार कुनै पनि देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध बल प्रयोग निषेध गर्छ। तर, भेनेजुयलामा नयाँ वर्ष २०२६ को सुरुमै संसारका सारा जनतालाई आतङ्कित पार्ने कार्यविरुद्ध नेमकिपाले अमेरिकी कारबाहीलाई निन्दा र विरोध गऱ्यो र अहिले जिल्ला-जिल्लामा युवा-विद्यार्थीहरू त्यस कार्यको विरोध प्रदर्शन र स-साना जनसभाहरू गर्दै जनतामाझ ट्रम्प प्रशासनको अन्याय र अत्याचार उदाङ्गो पार्दै छन्। ग्रीनल्यान्ड र क्यानाडालाई समेत ट्रम्पको आफ्नै देशमा गाभ्नेजस्ता आक्रामक र अहङ्कारको विरोधमा जनतालाई सुसूचित गर्दै छन्।

**● अमेरिकी राष्ट्रपति ट्रम्पले डेनमार्कको ग्रिनल्यान्ड खोसेरै लिने घोषणा गऱ्यो। इरान, क्युवा, कोलम्बिया, मेक्सिकोलगायतका देशलाई हमला गर्ने र मादुरोको नियति भोग्नुपर्ने धम्की दिँदै छ। यस्तो स्थितिमा विश्व कसरी पुग्यो ? के संयुक्त राष्ट्र सङ्घ, अन्तर्राष्ट्रिय कानुन अब असान्दर्भिक भइसकेकै हो ?**

इरान, क्युवा, कोलम्बिया, मेक्सिको, डेनमार्कको ग्रिनल्यान्डमाथि पनि ट्रम्प प्रशासनको गिद्धेदृष्टिबारे ती देशका जनता र सरकारहरूले पनि आपत्ति जनाउँदै छन्। संयुक्त राष्ट्र सङ्घ, अन्तर्राष्ट्रिय कानुन र संसारका सारा साना र ठुला देशहरूमाथि पनि कर बढाउने र अन्य धम्की दिइरहेकोबारे अमेरिकी जनताले पनि ट्रम्पको प्रशासनको व्यापक विरोध गरिरहेको समाचारहरूबाट थाहा हुँदै छ। ट्रम्पको यस्तो व्यवहार व्यापारी भएर हो वा उनको स्वास्थ्यको कारण भइरहेछ भन्नेबारे सारा संसारका सचेत नागरिकहरूमा गाईंगुईं चलिरहेको बताइन्छ।

**● विश्व तेस्रो विश्वयुद्धउन्मुख छ भन्ने विश्लेषणमा यहाँ कतिको सच्चाइ पाउनुहुन्छ ?**

कतिपय विश्लेषकहरू तेस्रो विश्वयुद्धको धम्की दिइरहेकै हो कि भन्ने शङ्का व्यक्त गर्दै छन् र त्रस्त छन्। तर, व्यक्तिको विश्लेषणभन्दा पनि संरा अमेरिकाको शासक दल दक्षिणपन्थी भई आएको, अर्थतन्त्र झन्झन् तल झर्दा, युद्धहरू बन्द हुँदा हतियार बेचेर धन कमाउन नसक्दा र आफ्नै मित्रहरूलाई तर्साएर कर बढाउन आदि काम गरिरहेको हुँदा त्यस्तो अनुमान गर्छन्।


हो, कतै कतै लडाइँ भएमा संरा अमेरिका हतियारका मुख्य व्यापारी र युद्ध निर्यात गर्ने देशमै गणना भएकै हो। तर, आजको युगमा युद्धले नै सबै समस्या समाधान गर्ने उद्देश्य समयोचित छैन।

**● अन्त्यमा, 'न्यायदृष्टि' मार्फत केही थप भनाइ राख्नुहुन्छ कि ?**

संविधानबारे धेरैलाई भ्रम छ। जुन वर्गले संविधान बनाउँछ, उसले आफ्नै हितमा बनाउँछ। अमेरिकाको संविधान २ सय वर्ष पुरानो भए पनि कामदारवर्गको हितमा छैन। संविधान निर्माणको बेला सबैजसो राष्ट्रपति र नेताहरू दास मालिकहरू थिए। त्यसबेला त्यहाँ गरिबहरूलाई मताधिकार दिइएको थिएन। यसकारण, संसारका जुनसुकै संविधानको अध्ययन गर्दा आलोचनात्मक अध्ययनको जरुरी छ।

***(कानुन अध्ययन समाज नेपालको प्रकाशन 'न्यायदृष्टि' वर्ष-१ अङ्क ४ बाट)***

# सहिष्णु हिन्दू धर्म : भ्रम र यथार्थ – ३



डीएन झा

५

ब्राह्मणवादी सम्प्रदायहरू सधैँ धार्मिक सहिष्णुता अपनाउँदैनथे भन्ने तथ्यका धेरै प्रमाण भेटिन्छन् । बरु, ब्राह्मणहरूले सैन्य क्रियाकलाप गरेको र सैनिक प्रशिक्षण लिएको बारम्बार चित्रण पाइन्छ । यसबाट उनीहरू एक लडाकु समूहको रूपमा उदाएको देखिन्छ । अस्त्रशस्त्र धारण गरेका ब्राह्मणहरूको उल्लेख अनेक भारतीय ग्रन्थमा पाइन्छ । पाणिनी (इपू. ५००) ले ब्राह्मणहरूले सैनिक पेसा अपनाउने देशलाई जनाउन 'ब्राह्मणक' शब्दको प्रयोग गरेका छन् । कौटिल्यले ब्राह्मण सिपाहीलाई भर्ती गरेको प्रसङ्ग उल्लेख गरेका छन् । पतञ्जली (ईपू. २००) ले भाला बोक्ने शिव भागवतहरूको चर्चा गरेका छन् ।

मध्यकालको आरम्भसँग सम्बन्धित यसखाले प्रचुर सन्दर्भ पाइन्छ । जस्तो:- सातौँ शताब्दीका वाणभट्टले पुष्यभूतिले ऋषि भैरवाचार्य र उनका तीन शिष्यसँग भेटेको वर्णन गर्छन् । ती तीन शिष्यहरू वीर योद्धा थिए र उनीहरूमध्ये दुई जना राजाका निजी अङ्गरक्षक बनेका थिए । चन्देल, कलचुरी, चालुक्य र राष्ट्रकुटजस्ता पूर्व मध्यकालका शासक घरानाहरूले ब्राह्मणहरूलाई प्राय: सैन्य अधिकारी नियुक्त गरेको विभिन्न अभिलेखबाट पुष्टि हुन्छ । सन् ८८८ को एक दस्तावेजअनुसार राष्ट्रकूट राजवंशका राजा कृष्ण तृतीयको शासनकालमा गणरम्म नामक ब्राह्मणले आफ्नो गाउँको रक्षा गर्दागर्दै आफ्नो ज्यान दिएका थिए । राष्ट्रकूटहरूको सेवामा अनेक ब्राह्मणहरू सेनापति बनेका थिए । चोल शासकहरू युद्धमा रणकौशल देखाउने ब्राह्मणहरूलाई ब्रह्माधिराजको उपाधि दिन्थे । पछि पनि ब्राह्मणहरूले महत्त्वपूर्ण सैनिक पद पाइरहे । कोपण्ण नामका एक ब्राह्मण सेनापतिले तमिल क्षेत्रमा रहेको विजयनगर राज्यको शक्ति विस्तार गर्न अहम् भूमिका खेलेको चर्चा पाइन्छ । यी स्रोतहरूको आधारमा के भन्न सकिन्छ भने मध्यकालको आरम्भमा शस्त्र धारण गर्ने ब्राह्मणहरूको सङ्ख्या बढेको थियो र समाजमा तिनको ठुलो सम्मान थियो । मध्यकालको आरम्भका विधि र आख्यानपरक दुवैखाले पुस्तकमा मन्दिरका पुजारीहरूप्रति घृणा पाइन्छ । सेनालाई सम्मान र पुजारीलाई घृणा आपसमा मेल खाने दृश्य हो । त्यसैले, यो अवधिमा क्षात्र-ब्राह्मणको अवधारणालाई विधि निर्माताहरूले धेरै महत्त्व दिएकोमा आश्चर्य मान्नुपर्दैन ।

आरम्भिक मध्यकालीन अभिलेखहरूमा हतियारधारी ब्राह्मणहरूको चर्चा पाइन्छ । यसबाट उनीहरूले सैन्य शिक्षा वा तालिम लिएको सङ्केत मिल्छ । अभिलेखहरूमा भट्ट शब्दसँगै कट्ट शब्द आउँछ । सैन्य कलाको तालिम पाएका ब्राह्मणलाई कट्ट भनिन्थ्यो । पार्थिवपुरममा सन् ८६६ को एक अभिलेख भेटियो । त्यसमा कट्ट शब्दले वैदिक ऋचाको अध्ययन गर्नुका साथै सैनिक तालिम लिने विद्यार्थीलाई जनाएको पाइन्छ । यी विद्यार्थीले तालिम लिने स्थानलाई शालइ भनिन्थ्यो र यी तालिम केन्द्र विष्णु मन्दिरसँग जोडिएका हुन्थे । मध्यकालको आरम्भमा केरलमा मन्दिरले चलाएका यस्ता धेरै तालिम केन्द्र थिए । यीमध्ये चोल-चेर युद्धमा महत्त्वपूर्ण सैन्य भूमिका खेलेको हुनाले 'कान्तलुशालइ' केन्द्र प्रसिद्ध भयो ।

शालइलाई नै चालुक्य र पल्लव भूभागमा घटिका भनिन्थ्यो । तीमध्ये सबैभन्दा चर्चित घटिका कान्चीमा थियो । शालइ र घटिकाहरूले ब्राह्मणहरूलाई सैन्य शिक्षा दिन्थे । उत्तर र दक्षिण भारत दुवैतिर पाइएका साहित्यबाट यो तथ्य स्थापित हुन्छ । कुवलयमाला आठौँ शताब्दीका उद्योतनसुरीले लेखेको जैन ग्रन्थ हो । त्यसमा विजय नामक स्थानको एक मठको वर्णन छ । त्यो मठमा लाट, कर्नाटक, मालव, कन्नौज, महाराष्ट्र, सौराष्ट्र, श्रीकण्ठ र सिन्धजस्ता भारतका विभिन्न भेगबाट आएका छात्रहरूले युद्धकला सिक्ने गर्थे । मठमा धनुर्वेद, फलकक्रिडा (ढाल), असि धनु प्रवेश (तरबार र धनुष), कुन्तयुद्ध (भाला), लकुटियुद्ध (गदा), बाहुयुद्ध (हात) आदि विद्या पढाइ हुन्थ्यो । यसैगरी मणिप्रवालका ग्रन्थ र त्यसमा पनि चन्द्रोत्सव (१५ औँ शताब्दी) र केरलोत्पत्ति (१७ औँ शताब्दी) मा पनि ब्राह्मणहरू युद्धकलासँग जोडिएको प्रमाण पाइन्छ । ११ औँ शताब्दीका सोमदेवले आफ्नो पुस्तक कथासरितासागरमा ब्राह्मणहरूले सैन्य तालिम लिएका अनेक उदाहरण दिएका छन् । त्यस्तै, श्रीदर्शन, महिपाल र अक्क्षकक्षपणकले हातहतियारको तालिम लिएको उल्लेख पाइन्छ । गुणश्रमण, अशोकदत्त, शक्तिदत्त र श्रीदत्तजस्ता चर्चित वीरहरूलाई युद्धकलामा पोख्त नायकको रूपमा चित्रण गरिएको छ । क्षेमेन्द्रको पुस्तक बृहत्कथामञ्जरीमा पनि यस्तै चित्रण पाइन्छ । कल्हण (१२ औँ शताब्दी) को पुस्तक राजतरंगिणीमा पनि युद्धमा मारिएका बहादुर ब्राह्मणहरूको चर्चा छ । यीबाहेक पनि कैयन् शिलालेखमा यसखाले प्रमाण भेटिन्छन् । 'किल्लाको संरचनामा' बनाइएका मठहरूमा धर्मग्रन्थ पढाउने गुरुहरूको उल्लेख पाइन्छ । अभिलेखहरूमा राजनीतिक समझदारी, बहादुरी र धार्मिक ग्रन्थको ज्ञानका साथै युद्ध कौशलमा पनि उत्तिकै प्रवीण (शास्त्र-शस्त्र विशारद) रहेकोमा ती गुरुहरूको प्रशंसा गरिएको छ । ब्राह्मणहरूलाई सैन्य तालिम दिने परम्पराकै कारण हतियार चलाएर जीवन चलाउने समूहको जन्म भयो । सके यसैकारण परिव्राजकजस्ता शस्त्रधारी ब्राह्मण परिवारको लागि बाटो खुल्यो र मन्दिरको सम्पत्ति रक्षा गर्न मिलिसिया वा नागरिक सेनाको विकास भयो । त्यही भएर मध्यकालको आरम्भका केही पुस्तकमा युद्धरत सन्न्यासीहरूको उल्लेख पाइन्छ । उदाहरणको लागि आठौँ शताब्दीका बुद्धस्वामीले आफ्नो पुस्तक बृहत् कथाश्लोकसङ्ग्रहमा युद्धरत पाशुपत सन्न्यासीहरूको चर्चा गरेका छन् । आफ्ना व्यापारिक क्रियाकलापको रक्षा गर्न एक व्यवसायी समूह (गाइल्ड) ले तिनलाई हतियार दिलाएको वर्णन उक्त पुस्तकमा छ । त्यस्तै, 'राजतरंगिणी' मा कश्मीरका राजा हर्षले आफ्नो दरबारमा नागा साधुहरू राख्ने गरेको चर्चा छ । यी साधुलाई कतै 'नाङ्गा फकिर' त कतै 'घाइते नाङ्गा घुमक्कड' भनिएको पाइन्छ । यी साधुहरूले मन्दिरमा हमला गर्थे; मूर्तिमा थुक्ने र मलमूत्र फालेर अपवित्र पार्थे ।

ब्राह्मणहरूलाई सैन्य तालिम दिनाले शङ्कर सम्प्रदायको लडाकु समूहको उदय भयो । यस्ता लडाकुलाई दशनामी नागा भनिन्थ्यो भने तिनलाई अखडाको नाममा सङ्गठित गरिन्थ्यो । कर्नेल जेम्स टडले १३ औँ शताब्दीअघि राजपुतानाभरि नागा नाउँका धेरै नाङ्गा लडाकु साधुहरूको रहेको बताएका छन् । यसको पुष्टि जेएन फार्कहरले पनि गरेका छन् । फार्कहर लडाकु साधुहरूबारे अध्ययन गर्ने सुरुसुरुका विद्वान् थिए । उनले कम्तीमा सातौँ शताब्दी यता भारतभरि नागा साधुहरूको उपस्थिति रहेको लेखेका छन् । यसैगरी, जादुनाथ सरकारले १९ औँ शताब्दीको हिन्दी रचनाहरूका आधारमा दशनामी नागाहरूले सन् ५४७ देखि सन् ११४६ बिच ६ वटा सशस्त्र समूह वा अखडा स्थापना गरेको बताएका छन् । लडाकु दशनामी नागाहरूको अखडाको स्थापना कहिले भयो भनी किटेर भन्न सकिन्न । यसबारे थप अध्ययन आवश्यक छ । तर, ती अखडाको उदय मध्ययुगको आरम्भमा एक महत्त्वपूर्ण सामाजिक-धार्मिक पक्षको रूपमा भएकोमा धेरै शङ्का गर्नुपर्दैन । तिनका प्रतिद्वन्द्वी लडाकु वैष्णव नागाहरू पनि केही समयपछि अखडाको रूपमा सङ्गठित भए ।

केही विद्वान्हरूले दाबी गरेभन्दा ठीकविपरीत लडाकु सन्न्यासी सम्प्रदायको बढोत्तरीले भारतमा मुसलमानहरू आउनुभन्दा अगाडि नै योद्धा सन्न्यासी र सैनिक साधुहरूको उपस्थिति थियो भन्ने स्पष्ट हुन्छ । तिनका अखडाहरू मुसलमानहरूको अत्याचारका कारण खुलेका थिएनन् । यी अखडाहरूकै कारण मध्यकालको आरम्भ र त्यसपछिको अवधिमा विभिन्न ब्राह्मण र गैरब्राह्मण धर्मबिच तथा ब्राह्मणवादी धर्मकै विभिन्न शाखाबिच विद्वेष र सशस्त्र भिडन्तहरू भए । यस सम्बन्धमा शैव र वैष्णव सम्प्रदायहरूबिच सशस्त्र द्वन्द्वका अनेक उदाहरण पाइन्छन् । एक परम्परागत लेखोटका आधारमा जादुनाथ सरकार भन्छन्, "नागा सन्न्यासी (भावनन्द, सरासुरानन्द र कमलानन्द) हरूले सन् १२६६ मा हरिद्वारमा वैष्णव वैरागीहरूलाई चोटिलो प्रहार गरेका थिए । ती वैरागीहरूलाई हराएर नागा सन्न्यासीहरूले कुम्भ मेलामा पहिले नुहाउने हक जमाएका थिए ।" सोही स्थानमा सन् १७६० मा पुन: घमासान लडाइँ भयो । शैव र वैष्णव नागाहरूबिच चलेको त्यो लडाइँमा विजयी भएर शैव नागाहरूले पहिले नुहाउने हक जमाएका थिए ।


सन् १६९० मा नासिकमा लागेको सिम्हस्त मेलामा वैरागीहरूको नरसंहार भएको प्रमाण पनि पाइन्छ । मुगल बादशाह औरङ्गजेबको शेखपछि अयोध्याका धार्मिक स्थल तथा तीर्थयात्रीहरूबाट उठाइने शुल्क र कोसेलीमाथि नियन्त्रण जमाउने उद्देश्यले शैव सन्न्यासी र वैष्णव वैरागीहरूबिच ठुलै लडाइँ चलेको थियो । तथ्य त के हो भने १९ औँ शताब्दीको अन्त्यसम्मै दशनामी र वैष्णव वैरागीहरूबिच नियमितजसो झैझगडा भइरहयो । यसबाट मध्यकालका इसाई र मुस्लिम धर्मझैँ ब्राह्मणवाद र त्यसका अनेकथरी सम्प्रदायहरू जन्मैले असहिष्णु थिए । यो असहिष्णुताले बेलाबेला हिंस्रक रूप लिन्थ्यो । मध्यकालको आरम्भमा धार्मिक सम्प्रदायलाई सैन्यकरण गर्न यो हिंसाको भूमिका बाँधेको हुनुपर्छ । यसकारण, 'हिन्दू धर्ममा अरूलाई बहिष्कार गर्नेभन्दा जोड्ने प्रवृत्ति छ' वा 'सहिष्णुता नै हिन्दू धर्मको मूल मर्म हो' भन्ने दाबीमा सहमत हुन सकिन्न । यसैगरी 'इस्लामले बाहिरबाट हिंसा नल्याउञ्जेल यहाँका बासिन्दाहरू धार्मिक रूपमा सद्भावपूर्वक बाँचिरहेका थिए' भन्नु उपलब्ध प्रमाणहरूप्रति आँखा चिम्लिनु हो ।

६

माथिको चर्चाबाट स्पष्ट हुन्छ, इस्लाम धर्म आउनुभन्दा धेरैअघि मध्यकालको आरम्भमै भारतमा कैयन् ब्राह्मणवादी र शास्त्रविरोधी धार्मिक सम्प्रदायहरू थिए । धार्मिक बहुलताको त्यो माहोलमा अनेक प्रतिद्वन्द्वी विचार आपसमा भिड्थे । ब्राह्मण धर्मगुरुहरूले सर्वसाधारणलाई आ-आफ्ना सम्प्रदायमा धर्मान्तरित गर्ने प्रयास गर्थे । 'हिन्दूवाद/हिन्दू धर्म' को आधुनिक शब्दले समेट्ने ब्राह्मण सम्प्रदायहरूका एउटै संस्थापक, मूल ग्रन्थ वा सङ्गठित मठ थिएनन् । यसकारण, इसाई वा इस्लाम धर्मको जस्तो ब्राह्मण धर्मगुरुहरूले एकै ढङ्गले धर्मान्तरण गरेनन् । तर, प्रमाणहरूले देखाउँछन् - प्राचीन भारतमा नै ब्राह्मणवादीहरूले धर्मान्तरण गर्थे; इस्लाम धर्म आउनुअघि र पछि पनि यो क्रम चलिरह्यो । उत्तर वैदिक कालमा लेखिएको पञ्चविम्श ब्राह्मण पनि भनिने ताण्ड्य ब्राह्मणमा व्रात्यस्तोम यज्ञको चर्चा छ । यसमा व्रात्य (ब्राह्मण धर्मबाहिरका मानिस) हरूलाई रुढीवादी आर्यसँग सामाजिक सम्पर्कमा जान योग्य पात्र बनाउनका लागि यो यज्ञ गरिन्थ्यो । व्रात्यको पहिलो उल्लेख अथर्ववेदमा पाइन्छ । यसपछिका धेरै उत्तर वैदिक रचनामा पनि यसको उल्लेख भयो ।


व्रात्यताप्रायश्चित निर्णय र व्रात्यताशुद्धिसङ्ग्रहजस्ता मध्यकालका कतिपय पुस्तकमा प्राचीन ग्रन्थका आधारमा व्रात्यहरूका १२ पिँढीलाई समेत एकैबाजि शुद्ध पार्ने चर्चा पाइन्छ । व्रात्यताशुद्धिसङ्ग्रहमा तिनलाई मानक शुद्धि विधिमार्फत मात्र ब्राह्मण समाजमा भित्र्याउन मिल्ने कुरामा जोड दिइएको छ ।

यहाँनिर दीक्षा समारोहबारे चर्चा गर्न मिल्छ । सामान्यतया दीक्षालाई उपनयन गर्ने वा पवित्र पार्ने प्रक्रियाको रूपमा लिइन्छ । लौकिक जीवन परित्याग गर्नु नै दीक्षा हो । यसरी मनुष्यले पवित्र ज्ञान र विवेक आर्जन गर्न सक्छ किनभने त्यो नै मानव जीवनको उच्चतम प्राप्ति हो र त्यहाँबाट मनुष्य दैवी जीवनमा पुग्छ । विभिन्न कर्मकाण्ड र तिनको महत्त्व नकेलाई यहाँ के मात्र भनौँ भने विभिन्न भारतीय धर्ममा दीक्षालाई ठुलो महत्त्व दिइएको पाइन्छ । यो तथ्यलाई बेवास्ता गर्न सकिन्न । जस्तो, वैष्णव धर्मको मुख्य उद्देश्य नै शुद्धीकरण हो । वैष्णव धर्मअनुसार शुद्धीकरण नगरी कसैलाई पनि धार्मिक सम्प्रदाय वा समूहमा सामेल गर्न सकिन्न; तिनलाई रामायण वा रामानुजले लेखेको श्रीभाष्यजस्ता पुस्तक पढ्ने अनुमति दिन सकिन्न । भागवत पुराण वैष्णव धर्मको मूल ग्रन्थ हो । यसमा मोक्ष चाहने व्यक्तिले गुरुको सद्भाव र मार्गदर्शन लिनुपर्छ भनिएको छ । चैतन्य आन्दोलनको मूल ग्रन्थ हरिभक्तिविलास भन्छ, "दीक्षा नलिएको व्यक्तिलाई पूजाआजा गर्ने अधिकार छैन किनभने दीक्षाले सबै पापलाई नष्ट गर्छ र दिव्य ज्ञान प्रदान गर्छ ।" यसैगरी, कश्मीरी शैव धर्ममा दीक्षालाई अखण्ड शिवत्व प्राप्त गर्ने सबैभन्दा महत्त्वपूर्ण विधि मानिएको छ । त्यस्तै, वीरशैव समुदायका सबै सदस्यले दीक्षा लिनु अनिवार्य छ । किनभने, वीरशैव धर्मको ढोका ती सदस्यका लागि मात्र होइन, गैर वैष्णव वा वैष्णव धर्म अपनाउने सबैका लागि खुला हुन्छ भनिन्छ ।




यसरी कतिपय सन्दर्भमा दीक्षालाई धर्मान्तरणको पूर्वसर्तको रूपमा लिन सकिन्छ । यो कर्मकाण्डको प्रकृति र महत्त्वबारे केही मतभेद रहे पनि शैव सम्प्रदायमा धर्म परिवर्तनको प्रथा सामान्य देखिन्छ । मिथक, श्रुति, स्मृतिलगायत विभिन्न स्रोतहरूबाट यो कुरा पुष्टि हुन्छ । जस्तो, दक्ष प्रजापतिको प्राचीन किंबदन्तीले ब्राह्मण धर्मभित्रको धर्म परिवर्तन दर्साउँछ । यो मिथकका अनेक संस्करण छन् । तर, भित्री सार एउटै हो - बलिप्रथामुखी वैदिक धर्म र रुद्र-शैव धर्मबिचको द्वन्द्व । यही द्वन्द्वले पछि महाकाव्य र पुराणहरूमा वैष्णव र शैव धर्मबिचको सङ्घर्षको रूप लियो । धेरैजसो पुराणहरू मध्यकाल र त्यसपछिका शताब्दीमा लेखिएका थिए । दक्ष प्रजापतिको कथामा अन्तत: शिवले दक्षको यज्ञ भङ्ग गर्छन् र दक्षले शिवको श्रेष्ठता महसुस गर्दै शैव धर्म अङ्गीकार गर्छन् ।

यसबाहेक कतिपय ग्रन्थमा धर्म परिवर्तन गर्ने विधिको चर्चा छ । सोमशंभुपद्धति एउटा उदाहरण हो । यो संहिताको सङ्कलन ११ औँ शताब्दीको उत्तरार्धमा सोमशंभुले गरेका थिए । यसमा विशेष कर्मकाण्ड गरेर गैरधर्मालम्बीहरूलाई शैव धर्ममा भित्र्याउने विधि दिइएको छ । साथै, धर्म परिवर्तन गर्ने त्यो विधिलाई लिङ्गोद्वार भनिएको छ । शैव नबनी मोक्ष प्राप्त गर्न सकिन्न भन्ने सोचका साथ यो विधि गढिएको थियो । यसैगरी, सन् ११९७ मा लेखिएको तान्त्रिक ग्रन्थ कुब्जिका नित्यानिक तिलकमा नौजना बौद्ध धर्मावलम्बीहरूले धर्म परिवर्तन गरेर कौल धर्म अपनाएको प्रसङ्ग छ । त्यसमा उल्लेख विवरणअनुसार कुब्जिका तान्त्रिक सम्प्रदायका प्राचीन गुरुहरूमध्ये प्रथम गुरु श्रीनाथउर्फ तूषनीशउर्फ उन्मनीशनाथ गन्धर्वलोक जान्छन् । त्यहाँ बसोबास गर्ने केही बौद्धहरूले उनलाई अनेक प्रश्न गर्छन् । जवाफमा श्रीनाथले आफू एक सिद्ध पुरुष भएको र आफूसँग दिव्य ज्ञान (दिव्यज्ञानवरलब्धक) भएको बताउँछन् । यो सुनेर बौद्धहरू गलल्ल हाँस्छन् र उनलाई आफ्नो दाबीलाई सत्य साबित गर्न चुनौती दिन्छन् । कथा अझ अघि बढ्छ - श्रीनाथले 'हम्' अक्षर उच्चारण गर्नेबित्तिकै सबै बौद्ध विहारहरू गल्र्याम ढल्छन् । यसपछि भिक्षुहरूले उनको सत्ता स्वीकार्छन् । पछि श्रीनाथले ती सबै भिक्षुको धर्म परिवर्तन गराउँछन् । यस्तै गैरधार्मिक रचना हो ११ औँ शताब्दीमा कृष्ण मित्रले लेखेको प्रबोधचन्द्रोदय । यसमा एक बौद्ध र एक जैनसँग एक कापालिकको रोचक वार्ता दिइएको छ । बहसको अन्त्यमा कापालिकले ती बौद्ध र जैन धर्मावलम्बीलाई सुरा र सुन्दरी पेस गर्छन् । यसरी तिनको धर्म परिवर्तन गरेर शैव धर्ममा भित्र्याउन कापालिक सफल हुन्छन् । *(प्रबोधचन्द्रोदय, अङ्क ३)*





उत्तर अफ्रिकी देश लिबियाका नेता मुआम्मर गद्दाफीका छोरा सैफ अल इस्लाम गद्दाफीको २०१४ को अप्रिलमा हिरासतमा रहेको अवस्थाको फाइल फोटो। नयाँ शासनको अदालतबाट निर्दोष साबित भई पश्चिम लिबियाको जिन्तान नगरमा सामान्य जीवन बिताइरहेका गद्दाफीमाथि फेब्रुअरी ३, २०२६ मङ्गलबारका दिन अज्ञात बन्दुकधारीहरूले कैयौं गोली प्रहार गरी हत्या गरेको लिसिबयाको महान्यायाधिवक्ताको कार्यालयले पुष्टि गरेको। हत्याराहरूको खोजी भइरहेको त्यहाँको सरकारले दाबी गरेको छ। *तस्बिर : सिन्हुवा /चाङ युआन*

# पाकिस्तानको बलुचिस्तानमा सुरक्षा चुनौती, २५० भन्दा बढीको मृत्यु

इस्लामबाद, २१ माघ (एएफपी)। पाकिस्तानको बलूचिस्तान प्रान्तमा अलगाववादी समूहहरूले गत शनिबारदेखि सुरु गरेको समन्वित आक्रमणमा दुई सय पचासभन्दा बढी मानिसको मृत्यु भएको छ। सुरक्षा अधिकारीहरूले जनाएअनुसार, आक्रमणमा कुल १९७ आतङ्ककारी मारिएका छन् भने ३६ सर्वसाधारण नागरिक र २२ सुरक्षा अधिकारी पनि ज्यान गुमाएका छन्। बलूचिस्तान प्रान्तका धेरै जिल्लामा अलगाववादीहरूले बैङ्क, जेल, प्रहरी थानाहरू र सैनिक अड्डाहरूलाई लक्षित गर्दै घातक हमला गरेका थिए।

प्रान्तको प्रमुख शहर क्वेटामा आयोजित पत्रकार सम्मेलनमा बलूचिस्तानका मुख्यमन्त्रीले भन्नुभयो, "सुरक्षित जिल्लाहरू सफा गरिएका छन्, तर अलगाववादीहरू अझै भागिरहेका छन् र खोजी अभियान जारी छ।" पाकिस्तान सरकारले बलूच मुक्ति सेना (बीएलए) लाई यी हमला गरेको जिम्मेवार ठहराएको छ। उक्त समूहले बयान जारी गर्दै सैनिक अड्डा, प्रहरी र प्रशासनिक कार्यालयहरूमा हमला गरेको र आत्मघाती हमलाहरू पनि गरेको दाबी गरेको छ।

सरकारले सुरक्षा बललाई सक्रिय पार्दै हेलिकोप्टर र जमिनबाट ठूलो सुरक्षा अभियान सुरु गरेको छ। केही जिल्लामा अझै झडप जारी रहेको र सुरक्षा बलले आतङ्ककारीलाई पक्रन खोजिरहेको छ। यस आक्रमणले प्रान्तको अस्थिरता अझ बढाएको छ। चीनजस्ता विदेशी लगानीकर्ताहरूले सुरक्षा जोखिम बढेको भन्दै आफ्ना कर्मचारीहरूलाई बाहिर पठाएका छन् र प्राविधिक परियोजनाहरूमा काम रोक्ने तयारी गरेका छन्।

बलूचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो र खनिज-धनसम्पन्न प्रान्त हो। यहाँ दशकौँदेखि बलूच अलगाववादी आन्दोलन चलिरहेको छ। समूहहरूले स्वतन्त्रता, स्रोतहरूको नियन्त्रण र क्षेत्रीय अधिकारका लागि सरकारसँग लडिरहेका छन्। विगतमा पनि यी समूहहरूले विदेशी कामदार, रेल मार्ग, ऊर्जा परियोजना र प्रशासनिक अधिकारीहरूलाई लक्षित गर्दै आक्रमण गर्दै आएका छन्। संयुक्त राष्ट्रसङ्घले यस घटनालाई 'साहसिक र डरावना' भन्दै निन्दा जनाएको छ।

यस घटनाले प्रान्तको सामाजिक सुरक्षा मात्र होइन, विदेशी लगानी र क्षेत्रीय राजनीतिक स्थिरतामा पनि असर पुऱ्याउने अनुमान गरिएको छ। सुरक्षा अधिकारीहरूले भविष्यमा यस्ता हमला रोक्न थप सतर्कता अपनाउने बताएका छन्।

# महत्त्वपूर्ण खनिज आपूर्तिमा चीनलाई अलग्याउने अमेरिकी योजना

वासिङ्टन, २१ माघ (एपी)। संरा अमेरिकाको ट्रम्प प्रशासनले जेट इन्जिनदेखि स्मार्टफोनसम्म अत्यावश्यक मानिने महत्त्वपूर्ण खनिजहरूको आपूर्ति शृङ्खला चीन बाहिर सुरक्षित गर्न हालसम्मकै सबैभन्दा ठूलो योजना सार्वजनिक गर्ने तयारी गरेको छ। यस योजनाअन्तर्गत साझेदार मुलुकहरूसँग खरिद सम्झौता गर्दै करिब दुई अर्ब अमेरिकी डलर बराबरको कोष परिचालन गर्ने अपेक्षा गरिएको छ।

विदेशमन्त्री मार्को रुबियोले दर्जनौं युरोपेली, एसियाली र अफ्रिकी मुलुकका अधिकारीहरूसँग आयोजना गरेको बैठकमा उपराष्ट्रपति जेडी भान्सले बुधबार मुख्य सम्बोधन गर्ने तयारी रहेको छ। अमेरिकाले आपूर्ति शृङ्खला र रसदसम्बन्धी सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको भए पनि त्यसका विस्तृत विवरण अझै सार्वजनिक गरिएको छैन। रुबियोले मङ्गलबार दक्षिण कोरिया र भारतका विदेशमन्त्रीहरूसँग महत्त्वपूर्ण खनिजको खनन र प्रशोधनबारे छलफल गरेका थिए।

यी बैठक र सम्भावित सम्झौताहरू राष्ट्रपति डोनाल्ड ट्रम्पले 'प्रोजेक्ट भल्ट' घोषणा गर्नुभएको दुई दिनपछि आएका हुन्। सो परियोजनाअन्तर्गत अमेरिकी निर्यात-आयात बैङ्कबाट १० अर्ब डलर ऋण उपलब्ध गराइनेछ। यससँगै करिब एक अर्ब ६७ करोड डलर निजी पुँजी जोडेर महत्त्वपूर्ण खनिजको रणनीतिक भण्डार निर्माण र सञ्चालनमा वित्तीय सहयोग गरिने बताइएको छ।

चीनले विश्वको दुर्लभ पृथ्वी खननको करिब ७० प्रतिशत र प्रशोधनको ९० प्रतिशत नियन्त्रण गर्दै आएको अवस्थामा ट्रम्प प्रशासनले यस्तो कदम चालेको हो। ट्रम्पको कर युद्धको प्रतिक्रियामा चीनले केही तत्वहरूको आपूर्ति सीमित गरेपछि अमेरिकाले विकल्प खोज्न तीव्र प्रयास अघि बढाएको जनाइएको छ। अक्टोबरमा राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच भेट भएपछि उच्च शुल्क फिर्ता लिने र प्रतिबन्धहरू खुकुलो बनाउने सहमति भए पनि चीनको निर्यात नियन्त्रण अझै कडा रहेको बताइएको छ।

प्रोजेक्ट भल्ट घोषणा गर्दै राष्ट्रपति ट्रम्पले अघिल्लो वर्षजस्तो अनुभव पुन: भोग्न नचाहेको बताएका थिए।

उद्योग विश्लेषक पिनी अल्थौसका अनुसार व्यापार युद्धले पश्चिमी मुलुकहरू चीनमाथि कति निर्भर छन् भन्ने कुरा उजागर गरेको छ। उहाँका अनुसार प्रमुख उत्पादक र उपभोक्ता मुलुकहरू मिलेर एक प्रकारको 'क्रेता समूह' निर्माण गर्ने प्रयास भइरहेको छ, जसले मूल्य संरचना र न्यूनतम मूल्य निर्धारणजस्ता विषयमा सहकार्य गर्नेछ।

गत साता अमेरिकी सरकारले युएसए रेयर अर्थमा एक अर्ब ६० करोड डलर लगानी गर्दै चौथोपटक प्रत्यक्ष सहयोग प्रदान गरेको थियो। यस क्रममा निजी लगानीकर्ताजस्तै कडा छानबिन गरी करदाताको हित सुरक्षित गर्ने सर्तहरू राखिएको अल्थौसले बताउनुभयो।

यसैबिच, अमेरिकी निर्यात-आयात बैङ्कको बोर्डले इतिहासकै सबैभन्दा ठूलो ऋण स्वीकृत गर्दै रणनीतिक महत्त्वपूर्ण खनिज भण्डार स्थापनालाई सहयोग पुऱ्याएको छ। यस भण्डारले ब्याट्री, ऊर्जा उपकरण, डिजिटल भण्डारण र एयरोस्पेस उद्योगका प्रमुख उत्पादकहरूलाई आवश्यक सामग्रीमा पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

बैङ्कका अध्यक्ष जोन जोभानोभिकले सार्वजनिक-निजी साझेदारी मोडेलले सबै पक्षलाई जिम्मेवार बनाउने र निजी लगानीलाई आकर्षित गर्ने बताउनुभयो। विशेषज्ञहरूका अनुसार यस रणनीतिले चीनबाहेकको 'अधिक स्वाभाविक' मूल्य प्रणाली विकास गर्न मद्दत पुऱ्याउन सक्छ।

ट्रम्प प्रशासनका यी प्रयासहरूले केही द्विदलीय समर्थन पनि पाएका छन्। गत महिना सांसदहरूको एक समूहले दुर्लभ पृथ्वी खनिज तत्व र अन्य महत्त्वपूर्ण खनिज उत्पादन बढाउन दुई अर्ब ५० करोड डलरको नयाँ एजेन्सी प्रस्ताव गरेको थियो। सांसदहरूका अनुसार यसले चीनमाथिको निर्भरता घटाउँदै बजार स्थिर बनाउन सहयोग पुऱ्याउनेछ।

विशेषज्ञ डेभिड अब्राहमका अनुसार भण्डार निर्माण दीर्घकालीन समाधान भए पनि चीनको नियन्त्रणका कारण हाल सामग्रीको अभाव कायमै छ। उहाँले खनिज उत्पादनसँगै ती प्रयोग हुने उद्योगहरूको विकासमा पनि ध्यान दिन आवश्यक रहेको उल्लेख गर्नुभयो।

# ग्रीसमा तटरक्षक जहाज र आप्रवासी बोकेको डुङ्गाबिचको टक्करमा १५ जनाको मृत्यु

एथेन्स, २१ माघ (एएफपी)। ग्रीसमा तट-रक्षक जहाज र आप्रवासी बोकेको डुङ्गा एजियन सागरमा ठोक्किँदा १५ जनाको मृत्यु भएको अधिकारीहरूले बुधबार जनाएका छन्।

टर्की नजिकैको चियोस टापुमा "नेभिगेसन लाइटहरूबिना र विदेशी यात्रुहरू बोकेको उच्च गतिको डुङ्गाको पाइलटले तटरक्षकको दृश्य र श्रव्य सङ्केतहरू प्राप्तिमा समस्या भएपछि दुर्घटना भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

तीन जना महिलासहित १४ जनाको शव समुद्रबाट निकालिएको र एक जना महिलालाई जीवितै उद्धार गरे तापनि हाल उहाँको मृत्यु भइसकेको जनाइएको छ उद्धार गरिएकामध्ये ११ जना बालबालिका रहेको जनाइएको छ।

पाँचवटा डुङ्गा र एउटा हेलिकप्टरमा आएका उद्धारकर्ताहरूले जीवित पीडितहरूका लागि बुधबार समुद्रमा खोजी गरिरहेको र आप्रवासी डुङ्गामा सवार व्यक्तिहरूको सङ्ख्या अज्ञात रहेको अधिकारीहरूले बताएका छन्।

# इरान र अमेरिका वार्ताका लागि टर्कीएमा तयारी

दुबई, २१ माघ (एपी)। इरानका राष्ट्रपति मसुद पेजेश्कियानले देशका विदेशमन्त्रीलाई अमेरिकासँग 'निष्पक्ष र समान वार्ता' अगाडि बढाउन निर्देशन दिनुभएको छ। यसैबिच, अमेरिकी नौसेनाले एक इरानी ड्रोनमाथि आक्रमण गरेको छ, जसले अमेरिकाको विमानवाहक पोत नजिक उडान भरेको थियो। इरानी क्रान्तिकारी गार्डका तीव्र गतिका डुङ्गाहरूले पनि 'स्ट्रेट अफ होर्मुज'मा अमेरिकी झण्डा बोकेको जहाजलाई रोक्ने प्रयास गरेका थिए।

अमेरिकी व्हाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले भन्नुभयो, "राष्ट्रपति ट्रम्प सँधै कूटनीतिक उपायमा विश्वास गर्नुहुन्छ, तर सफल वार्ताका लागि दुवै पक्ष तयार हुनुपर्छ।" अमेरिकी विशेष दूत स्टिभ विटकफ यसै साता टर्कीएमा इरानी अधिकारीसँग वार्ता गर्ने तयारीमा छन्।

इरानी राष्ट्रपति पेजेश्कियानको यो कदमले उहाँले सर्वोच्च नेता आयतुल्लाह अली खमेनीको समर्थन पाएका देखाएको छ। टर्कीएले वार्ता आयोजना गर्न पहल गरिरहेको छ भने ओमान, पाकिस्तान, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सका विदेशमन्त्रीहरूलाई पनि वार्तामा सहभागी हुन आमन्त्रण गरिएको छ।

**वार्ताको भविष्य**

इरान र अमेरिकाबिच वार्ता मुख्य रूपमा न्यूक्लियर मुद्दामा केन्द्रित रहनेछ। इरानी सल्लाहकार एली शामखानीले भन्नुभयो, "इरानले परमाणु हतियार कहिल्यै चाहँदैन, तर यसको बदलामा अन्य पक्षले मूल्य तिर्नुपर्छ।"

# नाइजेरिया : क्वारा राज्यमा बन्दुकधारीको आक्रमण, ३५ जनाको हत्या

जोस (नाइजेरिया), २१ माघ (एएफपी)। मध्यपश्चिम नाइजेरियाको क्वारा राज्यमा बन्दुकधारीहरूले कम्तीमा ३५ जनाको हत्या गरेको अधिकारीहरूले बुधबार बताएका छन्। मृतकको सङ्ख्या बढ्ने अनुमान गरिएको छ।

"आज बिहान मलाई ३५ देखि ४० जनाको शव गणना गरिएको जानकारी दिइयो", काइमा क्षेत्रका स्थानीय सांसद साइदु बाबा अहमदले भन्नुभयो।

प्रहरीले आक्रमणको पुष्टि गरेको थियो, तर हताहतको पूर्ण तथ्याङ्क सार्वजनिक भएन। राज्य सरकारले यसलाई 'आतङ्कवादी कक्षहरू' द्वारा गरिएको बताएको छ।

"अरू धेरैजना बन्दुकको गोली लागेर झाडीमा भागेका छन्", अहमदले भन्नुभयो। उहाँले त्यहाँ थप शवहरू फेला पर्न सक्ने बताउनुभयो।

मङ्गलबार साँझ ६ बजे (१७०० जिएमटी) बन्दुकधारीहरूले वोरो गाउँमा आक्रमण गरेका थिए र 'पसल र राजाको दरबारमा आगो लगाए' उहाँले बताउनुभयो। परम्परागत राजाको ठेगाना अज्ञात रहेको छ।

क्वारा राज्यका गभर्नर अब्दुल रहमान अब्दुल रजाकले आक्रमणलाई 'राज्यका केही भागमा चलिरहेको आतङ्कवादविरोधी अभियानपछि आतङ्कवादी सेलहरूले देखाएको निराशाको कायरतापूर्ण अभिव्यक्ति' भन्दै आक्रमणको निन्दा गर्नुभयो।

नाइजेरियाली सेनाले जिहादीहरू र स्थानीय रूपमा डाकुहरू भनेर चिनिने सशस्त्र समूहहरू विरुद्ध कारबाही बढाएको छ। सेनाले नियमित रूपमा ठूलो सङ्ख्यामा लडाकूहरू मारिएको दाबी गर्दै आएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाइजेरियामा इसाईहरूमाथि 'नरसंहार' भएको आरोप लगाएपछि नाइजेरिया हाल गहिरो असुरक्षाको समीक्षाअन्तर्गत छ।

तर नाइजेरियाली सरकार र स्वतन्त्र विज्ञहरूले उक्त आरोप अस्वीकार गर्दै सुरक्षा सङ्कटले इसाई र मुस्लिम दुवैलाई प्रभावित गरेको बताएका छन्।

# "राष्ट्रिय एकता र सार्वभौमिकता संरक्षणमा सबै दल एकजुट हुनुपर्छ"

टोरोन्टो, २१ माघ (एपी)। क्यानाडाका पूर्व प्रधानमन्त्री स्टिफन हार्परले देशको स्वतन्त्रता र सार्वभौमिकता जोगाउन आवश्यक परेमा सबै उपाय अपनाउन तयार रहनुपर्ने बताउनुभएको छ। मङ्गलबार आफ्नो आधिकारिक तस्बिर सार्वजनिक गर्ने अवसरमा बोल्दै हार्परले वर्तमान समय चुनौतीपूर्ण रहेको उल्लेख गर्दै जीवनकालमै यस प्रकारका समस्याहरू दुर्लभ रहेको बताउनुभयो। उहाँले वर्तमान प्रधानमन्त्री मार्क कार्नीको उपस्थितिमा प्रशंसा गर्दै यस्ता चुनौतीको समयमा एकजुट भएर सामना गर्नुको महत्त्वलाई जोड दिनुभयो।

हार्परले देशको सार्वभौमिकतामाथि सम्भावित बाह्य दबाबको ख्याल गर्दै क्यानाडाका दुई प्रमुख राजनीतिक दल– उदारवादी र संरक्षणवादीबिच सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो पवित्र भूमिको स्वतन्त्रता र एकता जोगाउन आवश्यक परेमा सबैले मिलेर उचित निर्णय लिनुपर्छ।"

साथै उहाँले आन्तरिक रूपमा राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न सबै पक्ष सचेत रहनुपर्ने उल्लेख गर्नुभयो। विशेष गरी अल्बर्टा प्रान्तमा छुट्टिन चाहने विचारका पक्षधरहरू बढ्दै गएको हुँदा त्यस विषयमा संवेदनशील ढङ्गले कार्य गर्नुपर्ने उहाँले सम्झाउनुभयो।

हार्परले प्रधानमन्त्री कार्नीको नेतृत्व र आर्थिक व्यवस्थापनको प्रशंसा गर्दै सन् २००८ को विश्वव्यापी आर्थिक सङ्कटको समयमा आर्थिक स्थिरता कायम राख्ने दृष्टिकोण उदाहरणीय भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सबल समयमै निर्माण गरिएको आधारले चुनौतीको समयमा निर्णय लिन सजिलो बनाउँछ।"

प्रधानमन्त्री कार्नीले पनि हार्परको सुझाव र राष्ट्रको सार्वभौमिकतामा देखाएको कदरको लागि धन्यवाद व्यक्त गर्दै क्यानाडालाई अझ सबल र आत्मनिर्भर बनाउने दिशामा काम गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो।

# समयमै पहिचान र उपचार नै जीवन रक्षा

- दीपक चन्द

भद्रपुर (झापा)। झापाको बिर्तामोड-४ की सावित्री राजवंशीको ५६ वर्षको उमेरमा स्तन (ब्रेस्ट) क्यान्सरका कारण निधन भयो। क्यान्सर लागेको थाहा पाउँदा उहाँको रोग चौथो स्टेजमा पुगेको थियो। अस्पतालमा जाँच गर्दा ढिलो भइसकेको भन्दै चिकित्सकले उपचार सुरु गरे पनि चार वर्षसम्म निरन्तर उपचाररत रहँदै उहाँले संसार त्याग्नुभयो। परिवारले सक्दो प्रयास र सहयोग गरे पनि समयमै रोग पहिचान नहुँदा उहाँको ज्यान जोगाउन सकिएन।

त्यस्तै, झापाको भद्रपुर नगरपालिका-८ का देवेन्द्र किशोर ढुङ्गाना भने क्यान्सरलाई जितेर अहिले सामान्य जीवन बिताइरहनुभएको छ। हाल ६५ वर्ष पुग्नुभएका ढुङ्गानाको १० वर्षअघि एक्कासि स्वर कम हुन थालेपछि शङ्का लागि विभिन्न अस्पतालमा जाँच गर्दा दोस्रो स्टेजको क्यान्सर पत्ता लागेको थियो। चिकित्सकको सल्लाहअनुसार समयमै उपचार सुरु गरेपछि उहाँ पूर्ण रूपमा स्वस्थ रहनुभएको छ र दैनिक जीवनमा सक्रिय रहनुभएको छ।

यी दुई फरक-फरक अनुभवले देखाउँछन् कि क्यान्सर समयमै पत्ता लागेमा पूर्ण रूपमा निको पार्न सकिन्छ तर ढिलो पहिचान हुँदा जीवन नै जोखिममा पर्नसक्छ। चिकित्सकहरूले क्यान्सर डराउनुपर्ने रोग नभई बेहोरामा गम्भीर रोग भएको र प्रारम्भिक लक्षणलाई सामान्य ठानेर ढिला गर्दा उपचार जटिल हुँदै जाने र रोग फैलिने जोखिम बढ्ने बताएका छन्।

त्यसैले, नियमित स्वास्थ्य जाँच, लक्षणप्रति सचेत रहनु र चिकित्सकको सल्लाहअनुसार परीक्षण गराउनु अत्यन्तै आवश्यक रहेको विशेषज्ञहरूले सुझाव दिएका छन्। प्रारम्भिक पहिचानले उपचार सहज र प्रभावकारी बनाउँछ भने ढिला गरिएको उपचारले जटिलता, लामो समयको उपचार र आर्थिक बोझ बढाउन सक्छ।

पूर्वाञ्चल क्यान्सर अस्पताल बिर्तामोड झापाका निर्देशक डा. वीरेन्द्र यादवका अनुसार, क्यान्सर शरीरका कोषिकाहरू अनियन्त्रित रूपमा वृद्धि हुने गम्भीर रोग हो। सामान्य अवस्थामा शरीरका कोषिकाहरू नियन्त्रित रूपमा बढ्ने र निश्चित समयपछि नष्ट हुने प्रक्रिया हुन्छ। तर, क्यान्सरमा कोषिकाहरू नियन्त्रण बाहिर बढ्दै जान्छन् र क्रमश: शरीरका अन्य अङ्गमा समेत फैलिन सक्छन्। यही कारण क्यान्सरलाई जटिल र घातक रोगका रूपमा लिइन्छ।

डा. यादवका अनुसार क्यान्सर पहिलो र दोस्रो स्टेजमै पत्ता लागेमा पूर्ण रूपमा निको पार्न सकिने सम्भावना अत्यन्त उच्च हुन्छ। उहाँले भन्नुभयो, "पहिलो स्टेजको क्यान्सर करिब ९० प्रतिशतसम्म निको हुन्छ। दोस्रो स्टेजमा ८०-८५ प्रतिशतसम्म उपचार सफल हुन्छ। तर, व्यवहारमा अधिकांश बिरामी ढिलो गरी अस्पताल पुग्ने गरेका छन्।"

पूर्वाञ्चल क्यान्सर अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये करिब ७० प्रतिशत तेस्रो र चौथो स्टेजमा मात्रै आइपुग्ने गरेको डा. यादवको भनाइ छ। "तीमध्ये करिब ५० प्रतिशत बिरामी अन्तिम अर्थात् चौथो स्टेजमै अस्पताल आउँछन्," उहाँले भन्नुभयो। सुरुआती चरण अर्थात् पहिलो स्टेजमा आउने बिरामीको प्रतिशत १२-१३ मात्र रहेको छ भने दोस्रो स्टेजमा आउने बिरामी १६-१७ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो।

क्यान्सरको उपचार सम्भावना स्टेजअनुसार फरक-फरक हुने गरेको डा. यादव बताउनुहुन्छ। उहाँका अनुसार पहिलो स्टेजमा उपचार सफलताको दर ९० प्रतिशतसम्म रहने गरेको छ, दोस्रो स्टेजमा ८०-८५ प्रतिशत, तेस्रो स्टेजमा करिब ७० प्रतिशत र चौथो स्टेजमा झरेर करिब २० प्रतिशतमा सीमित हुन्छ। यस्तै अस्पतालको तथ्याङ्कअनुसार चौथो स्टेजका बिरामीमध्ये अधिकांश चार-पाँच वर्षसम्म मात्र बाँच्ने गरेका छन्।

धूमपान, मद्यपान, सुर्तीजन्य पदार्थको सेवन, अस्वस्थ खानपान, शारीरिक निष्क्रियता, बढ्दो शहरीकरण र बदलिँदो जीवनशैली क्यान्सरका प्रमुख कारण रहेको डा. यादव बताउनुहुन्छ। "क्यान्सरको सबैभन्दा ठुलो कारण धूमपान हो," डा. यादवले स्पष्ट पार्नुभयो। उहाँका अनुसार युवावस्थादेखि नै अपनाइने गलत जीवनशैलीले पछि गएर क्यान्सरको जोखिम उल्लेखनीय रूपमा बढाउँछ। साथै, अत्यधिक मांसाहार, प्रशोधित खाना, बढी चिनी र बोसोयुक्त पदार्थको सेवन, पर्याप्त निद्रा नपाउनु र तनावपूर्ण जीवनशैलीले पनि क्यान्सरको सम्भावना बढाएको हुन्छ। डा. यादवका अनुसार जीवनशैली सुधार, नियमित व्यायाम, सन्तुलित आहार, धूमपान र मद्यपानबाट टाढा रहनु, समय-समयमा स्वास्थ्य जाँच गराउनु क्यान्सर रोकथाम र प्रारम्भिक उपचारका लागि अत्यन्तै आवश्यक छ।

महिलामा हाल सबैभन्दा धेरै देखिने क्यान्सर स्तन क्यान्सर हो भने त्यसपछि पाठेघरको क्यान्सर रहेको छ। पहिले पाठेघरको क्यान्सर बढी देखिन्थ्यो, तर पछिल्लो समय सेनेटरी प्याडको प्रयोग, व्यक्तिगत स्वच्छतामा ध्यान र स्वास्थ्य सचेतना बढ्दै गएको कारण यसको दर केही घटेको डा. यादवले बताउनुभयो। पुरुषमा मुख्य रूपमा फोक्सो, मुख तथा घाँटीको क्यान्सर देखिन्छ। महिला र पुरुष दुवैमा फोक्सोको क्यान्सर सबैभन्दा धेरै देखिने र क्यान्सरजन्य मृत्युको प्रमुख कारण बनेको उहाँको भनाइ छ।

पूर्वाञ्चल क्यान्सर अस्पतालको तथ्याङ्कअनुसार पछिल्लो छ वर्षमा करिब आठ हजार क्यान्सरका बिरामी पत्ता लागेका छन्। वार्षिक रूपमा करिब एक हजार ८०० बिरामीले ओपीडी सेवा लिएका छन्। यसले क्यान्सरका बिरामीको सङ्ख्या बढ्दो क्रममा रहेको सङ्केत गर्छ भने समयमै रोकथाम र जाँचको आवश्यकता अझै बढ्दै गएको देखाउँछ।

क्यान्सर समयमै पत्ता नलाग्नुका मुख्य कारणमा जनचेतनाको अभाव, जाँच गराउने केन्द्रबारे पर्याप्त जानकारी नहुनु, अस्पतालसम्म पुग्ने यातायातको सीमितता र आर्थिक समस्या रहेको डा. यादवले बताउनुभयो। "धेरै बिरामी आर्थिक अभावकै कारण ढिला उपचारमा आउँछन्," उहाँले भन्नुभयो।

डा. यादवका अनुसार ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिक अझ बढी प्रभावित हुने गर्छन्, जहाँ स्वास्थ्य सेवा पहुँचमा कठिनाइ, पर्याप्त स्वास्थ्य उपकरण र विशेषज्ञको कमीले प्रारम्भिक पहिचानमा बाधा पुऱ्याउँछ। केही बिरामीहरू परम्परागत वा वैकल्पिक उपचारतिर जाने प्रवृत्ति राख्दा पनि क्यान्सर ढिला पत्ता लाग्ने र उपचार जटिल हुने जोखिम बढ्ने डा. यादवले उल्लेख गर्नुभयो। डा. यादवले सबै नागरिकलाई समयमै स्वास्थ्य जाँच गराउन, लक्षण देखिनासाथ विशेषज्ञसँग सल्लाह लिन र क्यान्सर रोकथामका उपाय अपनाउन सचेत हुन सुझाउनुहुन्छ।

नेपाल सरकारले क्यान्सरलाई जटिल रोगको सूचीमा राखेको छ। यसअन्तर्गत क्यान्सरका बिरामीलाई रु. एक लाखसम्मको उपचार अनुदान उपलब्ध गराइएको छ। साथै, स्थानीय तहबाट मासिक रु. पाँच हजार सहयोग दिने व्यवस्था पनि छ। तर, यो व्यवस्था व्यावहारिक नभएको डा. यादवको धारणा छ। "पूर्ण रूपमा निको भइसकेका बिरामीले मासिक रु. पाँच हजार पाउँछन् तर जटिल अवस्थामा पुगेका बिरामी आर्थिक अभावकै कारण उपचारबाट वञ्चित छन्," उहाँले भन्नुभयो।

डा. यादवका अनुसार मासिक सहयोगको सट्टा जटिल स्टेजमा पुगेका बिरामीलाई आवश्यकताअनुसार एकमुष्ट रकम उपलब्ध गराए प्रभावकारी हुनेछ। 'विपन्न नागरिक औषधोपचार कोष निर्देशिका २०७५' अनुसार विपन्न नागरिकले वडा कार्यालयको सिफारिस, चिकित्सकको प्रेस्क्रिप्सन, नागरिकताको प्रतिलिपि र अन्य आवश्यक कागजात बुझाएपछि उपचार सहुलियत पाउन सक्छन्। तर, प्रक्रिया झन्झटिलो भएकाले धेरै बिरामी समयमै सुविधा लिन नसक्ने अवस्था रहेको डा. यादव बताउनुहुन्छ।

डा. यादवले क्यान्सर बिरामीका लागि छुट्टै दीर्घकालीन कोष स्थापना गर्नुपर्ने औँल्याउनुभयो। स्वास्थ्य बीमामा रहेको तीन महिना पर्खनुपर्ने व्यवस्था हटाएर बीमा सुरु भएको मितिबाटै उपचार सुविधा लागू गरिनुपर्ने उहाँको सुझाव छ। यसले आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुनुपर्ने अवस्थालाई कम गर्नसक्छ र बिरामीलाई समयमै उपचार सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। "सरकार र स्वास्थ्य संस्थाले सहुलियतको पहुँच बढाउन, अनुदान र बीमा दुवैलाई सहज र प्रभावकारी बनाउनु जरूरी छ, ताकि जटिल अवस्थाका बिरामीलाई ढिला नहोस् र जीवन रक्षा सुनिश्चित होस्," डा. यादवले भन्नुभयो।

विश्व क्यान्सर दिवसको सन्दर्भमा चिकित्सकहरूले समयमै स्वास्थ्य परीक्षण, स्वस्थ जीवनशैली अपनाउने, धूमपान र मद्यपान त्याग्ने र व्यापक जनचेतनामा जोड दिने आग्रह गरेका छन्। ढिलो उपचार गर्दा जीवन जोखिममा पर्नसक्ने भए पनि, समयमै पहिचान र उपचार गरेमा क्यान्सर पूर्ण रूपमा निको पार्न सकिने रोग भएको उनीहरूको निष्कर्ष छ। ***रासस***

# क्यान्सर सचेतना र सामाजिक दायित्व

● उर्मिला प्रजापति

शरीरको कुनै पनि अङ्गमा अनियन्त्रित र अनियमित रूपमा कोषिकाहरू वृद्धि हुनुलाई नै क्यान्सर भनिन्छ। बढ्ने क्रममा क्यान्सर रोग उत्पन्न हुन्छ। सामान्य अवस्थामा कोषिकाहरू आफ्नो निश्चित सीमाभित्र रहेर वृद्धि र विभाजन गर्दछन्। तर, क्यान्सर भएको अवस्थामा ती कोषिकाहरू नियन्त्रण गुमाई शरीरका अन्य भागहरूमा फैलिन सक्छन्। क्यान्सर लाग्नुका कारणहरूमा वंशानुगत, धूमपान, मद्यपान, अस्वस्थकर जीवनशैली, विभिन्न भाइरस सङ्क्रमण, वातावरणीय प्रदूषण तथा विभिन्न रसायनिक पदार्थको सम्पर्कमा आउनु प्रमुख मानिन्छ।

विश्वमा हुने मृत्युका विभिन्न कारणहरूमध्ये सन् २०१९ का अनुसार क्यान्सर प्रमुख कारण रहेको छ। विश्वव्यापी रूपमा हेर्दा महिलाहरूमा स्तन क्यान्सर सबैभन्दा धेरै देखिने क्यान्सर हो भने पुरुषहरूमा फोक्सोको क्यान्सर अग्रस्थानमा रहेको छ। विश्व स्वास्थ्य सङ्गठन (WHO) का अनुसार सन् २०५० सम्ममा कूल मृत्युमा क्यान्सरबाट मृत्यु हुने ७५ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

नेपालमा पनि क्यान्सर रोग एक गम्भीर सार्वजनिक स्वास्थ्य समस्याको रूपमा बढ्दै गएको छ। सन् २०२० GLOBOCAN को तथ्याङ्कअनुसार नेपालमा वार्षिक करिब २०,५०० नयाँ क्यान्सर बिरामी थपिने गरेका छन् भने करिब १३,००० मानिसको मृत्यु क्यान्सरको कारणले हुने गरेको पाइन्छ। नेपालमा पुरुषहरूमा फोक्सोको क्यान्सर बढी देखिन्छ भने महिलाहरूमा पाठेघरको मुख (Cervix), स्तन तथा फोक्सोको क्यान्सर बढी पाइन्छ।

नेपालमा Cancer Based Population Registry in Nepal (२०१८) को प्रतिवेदनअनुसार भक्तपुर जिल्लामा भएको ११४ क्यान्सर बिरामीमध्ये ३५ प्रतिशत (३८ जना) भक्तपुर नगरपालिकामा पर्ने उल्लेख गरिएको छ।

क्यान्सर रोगले कुनै पनि जात, धर्म, लिङ्ग, उमेर, पेसा, धनी, गरीबलाई छुटाएको हुँदैन। क्यान्सर रोगले व्यक्तिको शारीरिक स्वास्थ्यमा मात्र नभई मानसिक, सामाजिक तथा आर्थिक जीवनमा समेत गम्भीर नकारात्मक प्रभाव पार्दछ। क्यान्सरको उपचार लामो समय लाग्ने, खर्चिलो हुने तथा बिरामी र उसको परिवारलाई मानसिक तनाव पर्ने भएकोले यसले परिवार र समाजलाई समेत ठुलो असर पार्दछ।



क्यान्सर रोगको उपचारमा शल्यक्रिया (Surgery), केमोथेरापी (Chemotherapy) र रेडियोथेरापी (Radiotherapy) जस्ता विधिहरू प्रयोग गरिन्छ। यी उपचारहरू प्रभावकारी भए तापनि सबै बिरामीको लागि समान रूपमा उपयुक्त नहुन सक्छन्। उपचार प्रक्रिया लामो, खर्चिलो र शारीरिक तथा मानसिक रूपमा कष्टदायी हुनसक्छ। क्यान्सर रोग पत्ता लागेपछि बिरामी मात्र नभई उसको परिवार समेत मानसिक तनावमा पर्ने गर्दछ।

क्यान्सर रोगको उपचारको क्रममा शल्यक्रिया गर्दा कुनै अङ्ग फाल्नुपर्ने अवस्था आउन सक्छ। केमोथेरापी, रेडियोथेरापीका कारण कपाल झर्ने, वाकवाकी लाग्ने, थकान महसुस हुनेजस्ता समस्याहरू देखिन सक्छन्। यसका साथै उपचारको खर्च धेरै हुने भएकाले आर्थिक रूपमा कमजोर परिवारको लागि ठुलो समस्या बन्ने गरेको छ।

क्यान्सर रोग समयमै पत्ता लगाउन सकेमा यसको उपचार सम्भव हुन्छ। त्यसैले प्रारम्भिक चरणमै रोगको पहिचान गर्नु अत्यन्त आवश्यक छ। क्यान्सर रोकथाम गर्न धूमपान, मद्यपानजस्ता बानी छोड्नुपर्छ। स्वस्थकर जीवनशैली अपनाउन, सन्तुलित आहार तथा विभिन्न भाइरसहरू (जस्तै: HPV, Hepatitis B) विरुद्धको खोप लगाउनु क्यान्सर रोकथामको प्रभावकारी उपाय हो।

निम्न आर्थिक आय भएका तथा सहज स्वास्थ्य सुविधा नभएका परिवेशमा पूर्ण रूपमा उपचार हुने क्यान्सर पनि ढिलो अवस्थामा पत्ता लाग्ने हुनाले स्थानीय स्तरमा विभिन्न क्यान्सर रोगका Screening test हरू (जस्तै: स्तन परीक्षण, Pap smear, Fecal occult blood test) हुन अति आवश्यक छ। केही क्यान्सरहरू वंशानुगत हुने भएकाले आवश्यक परेमा जेनेटिक टेस्ट (Genetic Test) पनि गरिन्छ।

समाजमा सबैका लागि सहज रूपमा क्यान्सर रोग पत्ता लगाउन सकिने प्रविधि मैत्री तथा क्यान्सर उपचार गर्न क्षमता पूर्ण स्वास्थ्य संस्था भएको खण्डमा अवश्य पनि उपचारको सकारात्मक प्रभावकारिता देखिन सक्छ। क्यान्सर उपचारको लागि आवश्यक औषधि र सेवा सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थामार्फत सुलभ र किफायती रूपमा उपलब्ध गराइनुपर्छ। साथै उपचारको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गरिनुपर्छ।

क्यान्सर बिरामीको जीवनस्तर उकास्न Palliative care लाई एकीकृत उपचार विधिको रूपमा सँगै अगाडि बढाउनुपर्छ। व्यक्ति, परिवारलाई मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै अन्य सदस्यले पनि आवश्यक सहयोग गर्नु नितान्त जरुरी हुन्छ।

क्यान्सरसम्बन्धी नीति नियम बनाउँदा आफ्नो ठाउँ परिवेश सुहाउँदो बनाउन स्थानीय स्तरमा नै विभिन्न किसिमका अध्ययन अनुसन्धान हुनु आवश्यक पर्दछ।

क्यान्सर रोग उपचारको सकारात्मक परिणाममा प्रयोग हुने औषधिमात्र नभई बिरामीलाई गरिने निरन्तर स्याहार सुसार, पौष्टिक आहारका साथै घर परिवार र समाजले गर्ने साथ सहयोगले पनि प्रभाव पार्ने भएकोले क्यान्सर उपचार सामाजिक दायित्व हो। भयावह रूपमा विकसित भएको क्यान्सर रोग उपचार नीतिमा व्यक्तिमात्र सीमित नभई समाजको शैक्षिक, सामाजिक, आर्थिक अवस्थालाई समेट्न आवश्यक छ।

# क्यान्सर के हो, कसरी बच्ने ?

✍ अर्जुन पोखेल

**सबैले बुझ्ने भाषामा क्यान्सर भनेको के हो ?**

क्यान्सर एउटा दीर्घ रोग हो। जुन शरीरको कुनै पनि अङ्गमा हुन सक्छ। यो एक प्रकारको घाउ हो जुन फैलिँदै जान्छ र अन्त्यमा बिरामीको मृत्युको कारण बन्छ। अहिले संसारमा वार्षिक एक करोडको क्यान्सरका कारण मृत्यु हुने गरेको तथ्याङ्क छ। नेपालमा हरेक वर्ष ४० हजार जना क्यान्सरका बिरामी थपिने गरेको भए पनि धेरै जनाले उचित उपचार पाएका छैनन्।

हाम्रो शरीर करोडौँ सुक्ष्म कोषहरूले बनेको हुन्छ। ती कोषहरूले हाम्रो शरीर बनाउँछन। जब तीमध्येका केही कोष बिग्रिन्छन, तिनीहरूले आफ्नो काम गर्न छोड्छन् र अप्राकृतिक तरिकाले बढ्न थाल्छन्। त्यसरी बढ्दै गएपछि त्यो अङ्गमा घाउ बन्छ, जसको उपचार गरिएन भने त्यो अङ्गले राम्ररी काम गर्न सक्दैन र क्यान्सरका लक्षण देखिन थाल्छन्।

क्यान्सर यो अर्थमा डर लाग्दो रोग हो, किनभने ती बिग्रेका कोषहरू अरु अङ्गहरूमा सर्दै जान्छन् र अरू अङ्गहरूलाई पनि असर गर्दै जान्छ। यसलाई फैलिएको क्यान्सर भनिन्छ।

**क्यान्सर लाग्ने कारण के के हुन् ?**

सामान्य अवस्थामा काम गरिरहेका कोषहरूमा केही परिवर्तन आउँछ र ती बढ्न थाल्छन्। अनि क्यान्सर हुन्छ। ती कोषहरूमा आउने त्यो डरलाग्दो परिवर्तनका कारण विभिन्न छन्। हामीलाई थाहा भएका कारणहरूमध्ये मुख्य कारण चुरोट, खैनी हो।

नेपाली महिलाहरूमा भेटिने एउटा मुख्य क्यान्सर पाठेघरको क्यान्सर हो, जसको कारण ह्युमन प्यापिलोमा भाइरस हो। बाँकी क्यान्सरका कारणहरूमा जंकफुड, विषाक्त पदार्थ हालिएका खानेकुरा, कीटनाशक छरेर उमारिएका तरकारी फलफूलको सेवन, वंशाणुगत कारणहरू तथा प्रदूषण हुन्। केही क्यान्सरहरूको कारण अहिलेसम्म पत्ता लागेको छैन।

**क्यान्सरका लक्षणहरू के के हुन् ?**

क्यान्सरका लक्षण कुन अङ्गको क्यान्सर हो, त्यसै अनुसार फरक हुन्छन्। यस्ताखालका लक्षणहरू महिना दिनभन्दा लामो समयसम्म भए डाक्टरलाई देखाउनुपर्ने हुन्छ। अरु लक्षणहरू यस्ता छन् :

कमजोरी हुने र तौल घट्ने
शरीरका कुनै पनि अङ्गमा गिर्खा गाँठाहरू आउने
छालामा नयाँ कोठी पलाउनु वा भएका कोठी ठुलो हुँदै जाने
मुखमा र जिब्रोमा लामो समयदेखि घाउ हुने
खाना निल्दा दुख्ने र स्वर फेरिने
सास फेर्न गाऱ्हो हुने, खोकी लाग्ने वा खकारमा रगत देखा पर्ने
लामो समयदेखि ग्यास्टिक, पेट पोल्ने वा उल्टी हुने
कारण पत्ता नलागेको ज्वरो आइरहने
दिसामा रगत देखिने हुन्छ।

**क्यान्सर लाग्नै नदिनको लागि के गर्न सकिन्छ ?**

यसका लागि निम्न कुरामा ध्यान दिनुपर्छ :

सूर्तिजन्य पदार्थ र जाँडरक्सीको प्रयोग नगर्ने
पान सुपारीहरू नखाने
अस्वस्थ्यकर खानपिनको बानी व्यवहारमा सुधार गर्ने
अविवाहित महिलाहरूले ह्युमन प्यापिलोमा भाइरसको भ्याक्सिन लगाउने
सामान्य समस्या भए पनि लामो समयसम्म रहिरहे डाक्टरसँग जाँच गराउने।
अझै महत्त्वपुर्ण कुरा के छ भने अविवाहित महिलाहरूले ३ पटक ह्युमन प्यापिलोमा भाइरसको भ्याक्सिन लगाएमा पाठेघरको क्यान्सर ९५ प्रतिशतसम्म रोक्न सकिन्छ।

**चुरोट खैनी खाने सबैलाई क्यान्सर हुने, अनि नखानेलाई क्यान्सर नहुने हो त ?**

क्यान्सर सबैलाई हुन सक्छ तर सूर्तिजन्य पदार्थ (चुरोट खैनी) खानेलाई मुख, घाँटी र फोक्सोको क्यान्सर हुने सम्भावना धेरै हुन्छ। एकजना सूर्तिजन्य पदार्थ प्रयोग नगर्ने मान्छेलाई क्यान्सर हुँदा, २० जना चुरोट खैनी खानेलाई क्यान्सर भइसकेको हुन्छ।

**क्यान्सर लागेपछि के के कुरामा ध्यान दिने त ?**

तुरन्त क्यान्सर रोग विशेषज्ञसँग भेटेर सही उपचार सुरु गर्ने
आयुर्वदले क्यान्सर निको हुँदैन त्यसैले अन्धविश्वासमा नलाग्ने
क्यान्सरको डाक्टरसँग बसेर उपचार र त्यसका प्रभावबारे राम्रोसँग कुरा गर्ने।

**नेपालमा अहिलेसम्म क्यान्सरको अवस्था कस्तो रहेको छ त ?**

नेपालमा क्यान्सरको अवस्था दु:खलाग्दो छ। रोगीहरूको सङ्ख्या बढिरहेको छ, सरकारले सूर्तिजन्य पदार्थको उत्पादन र बेचबिखनमा रोक लगाउन सकेको छैन। सरकारी क्यान्सर अस्पतालमा सबै सुविधा अहिले उपलब्ध छैनन्। त्यसैले क्यान्सर लागेर उपचार गराउनुभन्दा लाग्नै नदिनेतिर लाग्नुपर्छ।

# अमेरिका–रुस आणविक सम्झौता समाप्त हुँदै

वासिङ्टन/मस्को, २१ माघ (एपी) । अमेरिका र रूसबीचको अन्तिम बाँकी न्यु स्टार्ट आणविक हतियार नियन्त्रण सम्झौता बिहीबार समाप्त हुँदैछ । यसले आधा शताब्दीपछि पहिलोपटक दुई ठुला आणविक शक्तिमा कुनै सीमा नराख्ने अवस्था सिर्जना गरेको छ ।

सम्झौताको समाप्तिले नयाँ अनियन्त्रित आणविक दौडको जोखिम बढाउन सक्ने विशेषज्ञहरूले चेतावनी दिएका छन् । रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले सम्झौता एक वर्षका लागि विस्तार गर्न तयार रहेको जनाउनुभयो तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विस्तारमा प्रतिबद्धता देखाएका छैनन् । ट्रम्पले आणविक हतियारमा सीमा राख्ने र चीनलाई वार्तामा समावेश गर्ने योजना बनाउन चाहेको बारम्बार सङ्केत गर्नुभएको छ ।

बेइजिङले आफ्नो बढ्दो आणविक शस्त्रागारमा कुनै प्रतिबन्ध स्वीकार नगर्ने स्पष्ट पारेको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले सम्झौताको समाप्तिले विश्वलाई अझ 'खतरनाक' बनाउने चेतावनी दिनुभएको छ । यसले रूस–अमेरिका नयाँ हतियार दौड, विश्वव्यापी अस्थिरता र आणविक द्वन्द्वको जोखिम बढाउने हतियार नियन्त्रण अधिवक्ताहरूले चेतावनी दिएका छन् ।

न्यु स्टार्ट सम्झौताले सन् २०१० मा प्रत्येक पक्षलाई ७०० भन्दा बढी मिसाइल र बमवर्षक तथा एक हजार ५५० आणविक हतियारमा सीमा लगाएको थियो । सम्झौतामा व्यापक निरीक्षण र अनुपालन व्यवस्था थियो, तर कोभिड-१९ महामारीले निरीक्षण प्रक्रिया रोक्यो । रूसले युक्रेनमा आक्रमणपछि अमेरिकी निरीक्षणलाई पनि रोकेको थियो ।

विशेषज्ञहरूका अनुसार सम्झौता समाप्त भएपछि दुई पक्षले लगभग ३५ वर्षपछि पहिलोपटक तैनाथ हतियारको सङ्ख्या बढाउन सक्छन् । यसले चीनलाई पनि समावेश गर्दै सम्भावित त्रिपक्षीय आणविक दौडको ढोका खोल्नेछ । र्‍यान्ड निगमका पूर्वअमेरिकी रक्षा अधिकारी किङ्ग्स्टन रीफले पूर्वानुमानको अभावमा हरेक पक्षले सबैभन्दा खराबको लागि योजना बनाउन र आफ्नो तैनाथ शस्त्रागार बढाउन प्रोत्साहित हुनसक्ने बताउनुभयो ।

पुटिनले फेब्रुअरी २०२२ मा युक्रेनमा सेना पठाएपछि बारम्बार रुसको आणविक शक्ति देखाउँदै 'सबै उपाय प्रयोग गर्न तयार' रहेको चेतावनी दिनुभएको थियो । सन् २०२४ मा उहाँले आणविक प्रयोगको सीमा कम गर्ने संशोधित सिद्धान्तमा हस्ताक्षर गर्नुभएको थियो ।

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र रूसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवले सन् २०१० मा हस्ताक्षर गरेको न्यु स्टार्ट सम्झौताले दुई पक्षको हतियार घटाउने क्रम सुरु गरेको थियो । यसअघि सन् १९७२ देखि साल्ट आई, एन्टी-ब्यालिस्टिक मिसाइल सन्धि र इन्टरमिडियेट रेन्ज सन्धिले क्रमशः हतियार सीमित गर्ने प्रयास गरेका थिए ।

विशेषज्ञहरूले सम्झौताको समाप्तिले अमेरिकी र रूसी आणविक क्षमताको अनियन्त्रित वृद्धि र विश्वव्यापी अस्थिरता उत्पन्न गर्न सक्छ, जसले चीन र अन्य राष्ट्रलाई पनि आफ्नो शस्त्रागार बढाउन प्रोत्साहित गर्नेछ भनी चेतावनी दिएका छन् । ट्रम्प प्रशासनले गोल्डन डोम मिसाइल रक्षा प्रणालीजस्ता योजनाबाट आफ्नो रणनीतिक लाभ सुनिश्चित गर्ने सम्भावना खोजिरहेको छ ।

विश्व अहिले तीव्र रणनीतिक प्रतिस्पर्धामा छ । अमेरिका, रूस र चीनका आणविक क्षमताहरू सक्रिय छन् । विशेषज्ञहरूले यस्तो अवस्था हाम्रो जीवनकालमा पहिले कहिल्यै देखिएको थिएन भन्दै यसले विश्वव्यापी आणविक प्रतिस्पर्धा धेरै खतरनाक बनाउने चेतावनी दिएका छन् ।



*भेनेजुयलाका...*

चीनको क्वाङचाउ, फिलिपिन्सको मनिला, भियतनामको हनोइलगायत सहरमा पनि अमेरिकी कदमको निन्दा गर्दै जनप्रदर्शन भएका छन् ।

**मादुरोको रिहाइको माग गर्दै काराकसमामा जनप्रदर्शन**

घातक अमेरिकी सैन्य कारबाहीमार्फत हटाइएका भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोका हजारौँ समर्थकहरूले उहाँको रिहाइको माग गर्दै राजधानी काराकसमा जनप्रदर्शन गरेका छन् । जनप्रदर्शनका सहभागीहरूले 'भेनेजुयलालाई निकोलसको आवश्यकता' रहेको र न्युयोर्कमा लागुऔषधको आरोपमा मुद्दाको सामना गर्न अपदस्थ गरी लगिएको भन्दै नारा लगाएका थिए ।

अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेज राजनैतिक सङ्क्रणमको चुनौतीसँग लडिरहनुभएको छ भने वासिङ्टनबाट उहाँको सरकारमा मादुरोका सहयोगीहरू र भेनेजुयलाका जनताको समर्थनलाई खोजिरहेको जनाइएको छ ।

प्रदर्शनकारीहरूमध्ये धेरैजना सार्वजनिक क्षेत्रका कामदारहरू थिए भने उनीहरूले मादुरो र उहाँकी श्रीमती सिलिया फ्लोरेसको फोटो बोकेका थिए ।

सरकारले आह्वान गरेको पदयात्रा तथा विरोध प्रदर्शनमा सयौं मिटरसम्म फैलिएको थियो ।

प्रदर्शनकारीहरूले भेनेजुयलाको झन्डा फहराए र मादुरोका समाजवादी पूर्ववर्ती ह्युगो चाभेजको नाम राखिएको रातो रङ्गको पहिरन लगाएका थिए । यसअघि 'समृद्ध र लोकतान्त्रिक'-रोड्रिगेज मादुरोको कट्टर समर्थक थिए । उहाँको उपराष्ट्रपतिको रूपमा सेवा गर्नुभएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रोड्रिगेज अमेरिकासँग काम गर्न इच्छुक रहेको र भेनेजुयलाको विशाल तेल भण्डारमा पहुँच दिन तयार रहेको दाबी गरेका छन् ।

यसैबिच दबाबमा कार्यवाहक राष्ट्रपति रोड्रिगेजले राजनीतिक बन्दीहरूलाई मुक्त गर्न र भेनेजुयलाको हाइड्रोकार्बन उद्योगलाई निजी लगानीका लागि खोल्न थाल्नुभएको छ ।

मङ्गलबार, अमेरिकी मिसनले जारी गरेको भिडियोमा, रोड्रिगेजले सङ्कटग्रस्त दक्षिण अमेरिकी देशका लागि तीन चरणको योजनालाई औँल्याउँदै 'मैत्रीपूर्ण, स्थिर, समृद्ध र लोकतान्त्रिक भेनेजुयलामा सङ्क्रमण' समाप्त हुने बताउनुभयो ।

'स्वतन्त्रता सडकमा'-यसअघि मङ्गलबार सयौं विश्वविद्यालयका विद्यार्थी र राजनीतिक बन्दीका आफन्तहरूले पनि रोड्रिगेजले वाचा गरेको कानुनको द्रुत स्वीकृतिको लागि माग गर्दै राजधानीमा प्रदर्शन गरेका छन् ।

रोड्रिगेजले रिहाइको लागि आवश्यक कानुनमा 'गहन' काम गरिरहेको उल्लेख गर्दै यसले राजनीतिक हिंसा, चरमपन्थको अवधिमा राष्ट्रिय नीति कार्यान्वयन गर्न अनुमति दिने बताउनुभएको छ ।

भेनेजुयलामा अमेरिकाले मादुरोलाई अपदस्थ गरेपछि विपक्षीले नयाँ चुनाव गराउन माग गर्दै आएका छन् ।

# सूर्यविनायक–४ दधिकोटमा नेमकिपा स्थापना दिवस

भक्तपुर, २१ माघ । नेपाल मजदुर किसान पार्टीको स्थापना दिवस सोमबार सूर्यविनायक नपा ४ दधिकोटमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा भक्तपुरका जिल्ला सदस्य रमेश वैद्यले पार्टीले देश र जनताको निःस्वार्थ सेवा गर्न नेता तथा कार्यकर्तालाई उत्प्रेरित गरिरहेको चर्चा गर्दै साम्राज्यवादी र विस्तारवादी शक्तिबाट परिचालित शक्तिको उदयले देशै नरहनेतर्फ सबै सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देशलाई आत्मनिर्भर बनाउन कृषि उत्पादन, उद्योग सञ्चालनमा जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युवालाई देशभित्रै रोजगारीको बन्दोबस्त गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा सूर्यविनायकका महेन्द्र बखुन्छेँले नेपालको कम्युनिस्ट पार्टीभित्र देखिएको सैद्धान्तिक र विचलन र संशोधनवादी नीतिकै कारण पार्टी स्थापना भएको उल्लेख गर्दै नेमकिपा सिद्धान्तमा अडिग छ, पद र कुर्सीमा भुलेको छैन भन्नुभयो ।

सत्ता भागबन्डाको राजनीतिले देशमा अस्थिरता निम्तिरहेको चर्चा गर्दै उहाँले नेमकिपा समाजवादी प्रचार अभियानमा रहेको बताउनुभयो ।

नेक्राकिसङ्घ भजिसका राजेन्द्र बखुन्छेँले विगतमा भएको किसान आन्दोलनबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा गंगालाल हाकजु, सुरेन्द्र था श्रेष्ठ र महेश श्रेष्ठलगायतले बोल्नुभएको थियो ।

*विदेशी...*

सार्वजनिक भएकै हो । तर, न सरकारमा सामेल दलहरूले सशक्त विरोध गरे न त नयाँ भनिएका दलका नेताहरूले विरोध गरे । देशकै भूभाग कालापानी रहेका भारतीय सेना भारतमा फर्काउने सवालमा कहिलेकाहीँ कानेखुसी गर्नेबाहेक खासै ध्यान दिइएन । सत्तामा जान, सत्तामा रहेको सरकार ढाल्न कसरत गर्ने सत्तासीन दलका नेताहरू देश जोगाउन र बनाउन त कता हो कता भारतको आशीर्वादमा सरकार टिकाउने खेलमा भुले । यो प्रजातान्त्रिक पद्धतिको मात्र होइन, संसदीय व्यवस्थाको मूल्य र मान्यताविपरीत पनि हो । भारतीय विस्तारवादको चाप्लुसी गरेर सत्तामा जाने र उठबसमा बस्ने दल र दलका नेता, मन्त्रीहरूलाई जनतामाझ उदाङ्ग्याउनुपर्ने हो । तिनीहरूको अपराध र बेइमानीलाई जनतामाझ पुर्‍याएर सचेत पार्नुपर्ने हो । यो काम प्रत्येक देशभक्त र सच्चा राजनीतिक दलहरूको कर्तव्य हो ।

पालैपालो सरकारमा गएर देशको ढुकुटीमा रजाइँ गर्नेतर्फ दल र जनता सचेत हुनुपर्छ । नेता, सांसद र जनप्रतिनिधिहरू देश र जनताको निःस्वार्थ रूपले सेवा गर्न जुट्नुपर्छ । राजनीतिक भ्रष्टाचारले देशका हरेक क्षेत्रमा जरा गाडेको छ । राजनीतिले अपराधीलाई होइन अपराधीहरूले राजनीतिलाई खेलाउने काम छोडेको छैन । सरकारको नेतृत्व फेरिएपछि उसको कार्यकालमा कुनै न कुनै काण्ड दोहोरिएको हुन्छ । धमिजा काण्ड, मल काण्ड, पजेरो प्राडोजस्ता काण्डहरू पहिले पनि नभएको होइन । अहिले त्यस्तै अन्य नयाँ-नयाँ काण्डहरू देखिए ।

पुँजीवादी सरकारले कहिले घाटा र बन्दको नाउँ जपेर सरकारी उद्योग तथा कलकारखानाहरू निजीकरण गर्‍यो । सरकारी उद्योग तथा कलकारखानाहरू निजी या विदेशी कम्पनी या समूहको हातमा सुम्पिन्नु राम्रो लक्षण होइन । देशका स्रोत, साधन र उद्योगहरू विदेशीको हातमा पुगेपछि देशको अर्थतन्त्र कमजोर हुनु स्वाभाविक हो । स्वदेशी रकम बिदेसिएपछि देशको अर्थतन्त्र कसरी मजबुत हुन्छ ? देश कसरी समृद्ध र सुखी हुन्छ ? देशमा राष्ट्रघाती सन्धि सम्झौता हुनुको कारण पनि सत्तासीन दलका नेताहरूको अदूरदर्शिता नै हो । सरकारको नेतृत्व गर्ने सत्तासीन दलका नेताहरूको यस्तै अदूरदर्शिताले देशमा बेथिति बढेको हो; भ्रष्टाचारी र कमिसनखोरहरूले स्थान पाएका हुन् । यही कारण नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा परेको हो ।

# श्रमिकको परिवारलाई २० लाख बढी आर्थिक सहायता

काठमाडौँ, २१ माघ । सामाजिक सुरक्षा कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध नभएका श्रमिकको आश्रित परिवारलाई सम्बन्धित रोजगारदाताबाट २० लाख भन्दा बढी आर्थिक सहायता दिलाएको छ ।

वीरगन्जस्थित एक टेक्सटाइलको व्यापार गर्ने कम्पनीमा कार्यरत श्रमिक रामानन्द साह कानुको निधनपछि परिवारलाई कोषले आश्रित परिवारले पाउनुपर्ने सबै सुविधाबापतको २० लाख ४३ हजार छ सय ४५ रूपैयाँ ८४ पैसा दिलाएको हो । कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले आज मृतकका श्रीमती उमादेवीलाई उक्त रकमबराबरको चेक हस्तान्तरण गर्नुभयो ।

श्रमिक कानुको २०७९ साउन २७ गते मृत्यु भएको थियो । कानुको रोजगारदाता कम्पनी सामाजिक सुरक्षा कोषमा सूचीकृत नभएका कारण उहाँका परिवार सामाजिक सुरक्षाबाट वञ्चित भएको थियो ।

पीडित पक्षका तर्फबाट श्रीमती उमादेवीले २०७९ कार्तिक २५ गते आश्रित परिवार सुरक्षा सम्बन्धमा पाउनुपर्ने सबै सुविधा उपलब्ध गराइँ पाऊँ भनी निवेदन दिनुभएको थियो । कोषले २०७९ मङ्सिर १५ गते उक्त विषयमा जानकारी गराउन रोजगारदातालाई पत्राचार गरेको थियो ।

रोजगारदाता र पीडितपक्षबिच मिलापत्र हुन नसकेपछि कोषले आश्रित परिवार सुविधाबापतको सुविधा दिन रोजगारदातालाई आदेश दिएको थियो । कोषको आदेश चित्त नबुझेपछि रोजगारदाताले उच्च अदालत पाटनमा पुनरावेदन गरेकामा २०८० चैत १२ गते उच्च अदालतबाट कोषको फैसला सदर भएको थियो ।

उच्च अदालतको फैसलालाई लिएर रोजगारदाता सर्वोच्च पुगेपनि सर्वोच्चले कोषकै फैसलालाई सदर गरेको थियो । अदालती प्रक्रिया टुङ्गेपछि गत मङ्सिर २८ गते कोषले रोजगारदाताको बैङ्क खाता रोक्का राख्न नेपाल राष्ट्र बैङ्कलाई पत्राचार गरेको थियो । सम्बन्धित रोजगारदाताका तर्फबाट आश्रित परिवारले पाउने रकम भुक्तानी गरेपश्चात उक्त खाता फुकुवा गरिएको कोषले जनाएको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ९ को उपदफा ४ मा कोषमा सूचीकरण नगर्ने, नगराउने वा योगदान रकम नबुझाउने रोजगारदातालाई बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता रोक्का, सम्बन्धित व्यक्ति वा संस्थाको चलअचल सम्पत्ति रोक्का, प्रचलित कानुनबमोजिम पाउने छुट सहुलियत निलम्बन गर्न वा रोक्का, अनुमतिपत्र वा इजाजतपत्र निलम्बन र राहदानी रोक्का गर्न सक्ने अधिकार कोषलाई दिएको छ ।

ऐनकै दफा ९ को उपदफा ६ ले सूचीकृत रोजगारदाताले योगदानबापतको रकम कोषमा जम्मा नगरेमा त्यस्तो अवधिपछि योगदान रकम कोषमा जम्मा नगरेको अवधिभित्र दुर्घटना वा मृत्यु भई श्रमिकलाई सुविधा उपलब्ध गराउनुपर्ने भएमा त्यस्तो सुविधा बराबरको रकम सम्बन्धित रोजगारादताले नै श्रमिकलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ ।

कार्यक्रममा कोषका कार्यकारी निर्देशक अधिकारीले रोजगरदताले कोषमा आबद्ध नगराइदिएको अवस्थामा श्रमिकको निधनपछि आश्रित परिवार सुविधाबाट वञ्चित हुन नदिन सुविधा दिलाउने अधिकार कोषलाई भएको बताउनुभयो । "जुनसुकै अवस्थामा पनि श्रमिकले सामाजिक सुरक्षाको हक पाउँछ", उहाँले भन्नुभयो, "रोजगारदाताले अबाद्ध गरेर नियमित योगदान गरे कोषले सुविधा दिन्छ, होइन भने रोजगारादताले नै उक्त सुविधा दिनुपर्छ ।"

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/१०/१६ गते दिउँसो अन्दाजी १२:०० बजेको समयमा बा.प्र.०२-०५७ प २६३६ नम्बरको बाइक चाँगुनारायण नगरपालिका वडा नं. ०९, भाने चोकस्थित आफ्नो वर्क शप अगाडि पार्किङ गरी राखेको अवस्थामा चोरी भएको हुँदा उक्त बाइक पाउनुहुने वा देख्नुहुने महानुभावहरूले निम्न उल्लिखित सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।

**नाम** : राजकुमार सुनुवार
**ठेगाना** : काभ्रे पलाञ्चोक जिल्ला, नमबुद्ध-१, हाल भक्तपुर-७, जगाती
**सम्पर्क** : ९८४९७४६०७४

**मोटरसाइकलसम्बन्धी विवरण**

**कम्पनीको नाम** : PULSER
**मो.स.नं.** बा.प्र.०२-०५७ प २६३६
**मो. सा. को पावर** : १५० सी.सी.
**मोटरसाइकलको रंग** – कालो रातो
**इन्जिन नं.** DHXPSM93609
**च्यासिस नं.** MD2A11CX8SPM67378

**भक्तपुर नगरपालिका**

**अरनिको सभा भवन निर्माण आयोजना**

**वागमती प्रदेश-३**
**देकोचा-६, भक्तपुर**

**बोलपत्र आशयको सूचना**

**मिति : २०८२/१०/२२**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अरनिको सभा भवन निर्माण आयोजनाको तेस्रो चरणको Construction of Araniko Sabhabhawan Building Construction (Third Phase) ठेक्का नं. Araniko/NCB/works/01/082/83 को निर्माण सामग्रीसहित कार्य गर्न रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल कम्पनीको बोलपत्र स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)र(३) अनुसार सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | कामको विवरण | कबोल अङ्क (भ्याटसहित) | सारभूत रूपमा प्रभावग्राही कम्पनी |
|---|---|---|---|---|
| १. | Araniko/NCB/works/01/082/83 | Construction of Araniko Sabhabhawan Building Construction (Third Phase) | रू,७,९८,७३,१९३।३८ | Mahabir Construction, Hetauda, Nepal |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा